फरक-फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो । एक-अर्काको धर्म-संस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं । एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-सांस्कृतिक सहीष्णुता कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० कात्तिक १६ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 November 02 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७०

## मुख्य योजनाकार महिलासहित पाँचजना सार्वजनिक

प्रस, निजगढ, १५ कात्तिक/
कलैयामा कात्तिक १३ गते सोमवार दिउँसो १ बजे गोली हानी कलैया उपमहानगरपालिका-६ स्थित बाल एकता बोर्डिङ स्कूलका सञ्चालक गुड्डु भनिने सोही वडा घर भएका ३५ वर्षीय रूपेश सर्राफको हत्या घटनाबारे सार्वजनिक गर्न जिल्ला प्रहरी कार्यालय, बाराले बुधवार पत्रकार सम्मेलन गरेको छ ।



पत्रकार सम्मेलनमा अभियुक्तहरूलाई सार्वजनिक गर्दै प्रउ काफ्ले । तस्वीरः प्रतीक

उक्त घटनामा एकजना युवती मुख्य योजनाकारसहित पाँचजना सहयोगीलाई पक्राउ गरिएको पत्रकार सम्मेलनमा सहभागी पत्रकारहरूलाई जिल्ला प्रहरी कार्यालय, बारा प्रमुख एंव प्रहरी उपरीक्षक सुरेशप्रसाद काफ्लेले बताएका छन् ।

पक्राउ पर्नेहरूमा कलैया उपमहानगरपालिका वडा नं ६ मदर्साटोल बस्ने २२ वर्षीय राधा गुप्ता, सोही टोल बस्ने वर्ष ३४ का जालिम अख्तर, सोही उपमहानगर वडा नं ९ रामपुर बस्ने वर्ष २६ का रियाज अन्सारी, भारत जिल्ला मोतिहारी पूर्वी चम्पारण थाना घोडासहन गाउँ जागिराकोटी बस्ने वर्ष २३ का चन्दन कुमार, भारत जिल्ला मोतिहारी पूर्वी चम्पारण थाना घोडासहन गाउँ बहार्वाकाला वडा नं १२ बस्ने वर्ष २३ का अभिनवकुमार राजपूत रहेको प्रउ काफ्लेले पत्रकार सम्मेलनमा सार्वजनिक गरेका थिए ।

घटनाको मुख्य कारण मृतक सर्राफको अभियुक्त राधा गुप्तासँग विवाहेत्तर प्रेम सम्बन्ध र इबी रहेको जनाउँदै पक्राउ परेकी मुख्य अभियुक्त राधा गुप्ता विगत तीन वर्षदेखि भारत बस्ने मनोज गुप्तासँग (विवाहित) प्रेम सम्बन्धमा रहेको र सोही विषयमा मनोज र मृतक सर्राफबीच तीव्र विवाद भई झगडा भएको देखिएको पत्रकार सम्मेलनमा बारा प्रहरीले जानकारी दिएको थियो ।

यस घटनामा भारतीय सार्पशुटर भारत मोतिहारी जिल्ला दर्पाथाना १ सुक्लहिया बस्ने वर्ष २५ का सुजितकुमार सिंह, सोही ठाउँ बस्ने वर्ष २४ का चञ्चल पाण्डे, वर्ष २२ का मनीषकुमार सहनी, वर्ष २० का कामेश्वर सहनी खुल्न आएको र उनीहरू फरार रहे पनि भारतीय प्रहरीसँग समन्वय गरी खोजी कार्य तीव्र पारिएको प्रउ काफ्लेले पत्रकार सम्मेलनमा जानकारी दिए ।

घटनाका मुख्य योजनाकार र सूचना आदानप्रदान गर्ने मुख्य अभियुक्त राधा गुप्ता रहेको र पक्राउ परेका अन्य चारजना सहयोगी रहेको बारा प्रहरीले जनाएको छ ।

तीन महीनाअघि पनि मृतक सर्राफमाथि ज्यानै लिने गरी हमला गर्ने प्रयास भएपनि घटनामा संलग्न अभियुक्तहरू सफल नभएपछि यही कात्तिक १३ गते सोमवार गोली प्रहार गरी सर्राफको हत्या गर्न सफल भएको अनुसन्धानबाट खुलेको जनाउँदै घटनास्थलबाट प्रहरीले चार थान गोलीका खोका बरामद गरेको जानकारी दिइएको थियो ।

मृतक सर्राफ कलैयास्थित एक मिठाइपसलबाट मिठाइ खरीद गरी आफ्नो ना.५३प ९१२८ नम्बरको मोटरसाइकलमा फर्कने क्रममा दुईवटा मोटरसाइकलमा आएका चारजनाको समूहमा एक अज्ञात व्यक्तिले छाती र घाँटीमा प्रहार गरेको गोली लागी गम्भीर घाइते भएका सर्राफलाई तत्कालै उपचारका लागि कलैया प्रादेशिक अस्पतालमा लगे पनि उपचार हुन नसकेपछि थप उपचारका लागि वीरगंजस्थित वयोधा अस्पतालमा उपचारको क्रममा सोही दिन दिउँसो ३ बजे मृत्यु भएको थियो ।

यस घटनामा थप पक्राउ परेपछि र अनुसन्धानबाट थप अझै खुल्न आएमा पत्रकार सम्मेलन गरी जानकारी दिने प्रउ काफ्लेले पत्रकारहरूलाई बताए ।

## खोलाको ठेक्का नलाग्दा तस्करी बढ्यो

बलिराम शुक्ला, बिरुवागुठी, १५ कात्तिक/
स्थानीय निकायहरूले नदीजन्य पदार्थको ठेक्का समयमा नलगाउँदा पर्साको राष्ट्रिय वन अन्तर्गत विभिन्न खोलाबाट दिनहुँजसो गिट्टी, बालुवाको चोरी तस्करी हुँदासमेत सम्बन्धित निकाय मौन छ ।



तस्वीरः प्रतीक

वीरगंज महानगरपालिका अन्तर्गत भेडाहा खोला, पर्सागढी नगरपालिका अन्तर्गत कर्जनिहा र सिङ्गाही खोलाको कात्तिक महीना सकिन लाग्दासमेत स्थानीय निकायले ठेक्का लगाउन नसक्दा खुलेआम गिट्टी, बालुवाको चोरी तस्करी वृद्धि भएको छ ।

असार १ गतेदेखि बन्द रहेका खोलाहरू असोज बितेलगत्तै खुल्नुपर्ने हो तर स्थानीय निकायहरूले खोला ठेक्का प्रक्रियामा ढिलाइ गर्दा वनकर्मी र स्थानीय प्रहरीको लागि कमाइखाने भाँडो भएको छ ।

भेडाहा, सिङ्गाही र कर्जनिहा खोलाबाट दिनहुँजसो गिट्टी, बालुवा चोरी तस्करी गरी सबडिभिजन वन कार्यालय सबैया, बडनिहार र सो मातहतका छतवनटाँडी वन कार्यालय, मनवा वन कार्यालय, मिलनचोक प्रहरी चौकी, बडनिहार प्रहरी चौकी, मनवा प्रहरी चौकीकै अगाडिबाट गिट्टी, बालुवा ओसारपोसार भइरहेको छ ।

असारको १ गतेदेखि बन्द भएका खोलाहरू पालिकाहरूले समयमा ठेक्का नलगाउँदा तस्करहरूले प्रहरी र वनकर्मीहरूलाई आर्थिक प्रलोभनमा पारी सयौं टच्याक्टर गिट्टी, बालुवाको तस्करी दिनहुँ गरिरहेको स्थानीयहरू बताउँछन् । चोरी तस्करीका गिट्टी, बालुवा, ढुङ्गा अहिले दोब्बर मूल्यमा सेवाग्राहीले खरीद गर्नुपरेको छ ।

पर्सागढी नपाका प्रमुख गोकर्ण पाठकले आफ्नो पालिका अन्तर्गत दुईवटा खोलाको वातावरणीय परीक्षण प्रतिवेदन प्रक्रियामा रहेको र प्रक्रिया पूरा गरी खोला ठेक्काको लागि बोलपत्र आह्वान गरिने बताए ।

## रूपेशका परिवारजनद्वारा आन्दोलन गर्ने चेतावनी

बाराको कलैयामा गत सोमवार गोली हानी हत्या गरिएका रूपेश सर्राफका परिवारजनले प्रहरीले युवतीसँग नाम जोडेर मृतक रूपेश र आफूहरूको चरित्र हत्या गरेको आरोप लगाएका छन् ।

प्रहरीले हत्यामा संलग्नमध्येका पाँचजनालाई पत्रकार सम्मेलन गरी सार्वजनिक गरेलगत्तै मृतक रूपेशका दुईजना दाजुले पत्रकारहरूसँग कुरा गर्दै प्रहरीको अनुसन्धानमाथि प्रश्न उठाएका हुन् ।

प्रहरी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा बाराका प्रहरी उपरीक्षक सुरेश काफ्लेले पाँचजना अभियुक्तलाई सार्वजनिक गर्दै युवतीसँगको प्रेम सम्बन्धका कारण रूपेशको हत्या भएको जानकारी गराएका थिए ।


तर पत्रकारहरूसँगको कुराकानीमा मृतक रूपेशका दाजु सुबोध सर्राफले युवतीसँगको प्रेम सम्बन्धका कारण भाइ रूपेशको हत्या भएको भन्ने प्रहरीको दाबी झूटो रहेको जिकिर गरे । उनले पक्राउ परेकी राधा गुप्तासँग आफ्नो भाइ रूपेशको कुनै प्रेम सम्बन्ध नरहेको दाबी पनि गरे । प्रहरीले भनेजस्तो रूपेशको त्यस्तो चरित्र नभएको उनले बताए । सुबोधले भने, "प्रहरीको अनुसन्धानप्रति हामीलाई चित्त बुझेको छैन । मेरो भाइको चरित्रबारे औंला उठाउने कुनै ठाउँ नै छैन ।" प्रहरीले अनुसन्धानमा झारा टार्न मृतक रूपेश र आफ्नो परिवारको चरित्र हत्या गरेको गुनासो उनले गरे । रूपेशलाई गोली हान्ने अपराधी चारजनामध्ये अहिलेसम्म एकजनालाइ पनि पक्राउ गर्न नसकेको प्रहरीले आफ्नो कमजोरी ढाकछोप गर्ने प्रयास गरिरहेको सुबोधले बताए ।

बाल एकता बोर्डिङ स्कूलका प्रबन्ध निर्देशकसमेत रहेका सुबोधले प्रहरीले पक्राउ गरेकामध्ये दुईजना युवक निर्दोष रहेको र प्रहरीले झूटो आरोपमा उनीहरूलाई फसाएको बताए । उनले भने, "मेरो विद्यालयका दुईजना कर्मचारी निर्दोष छन् । उनीहरूलाई यातना दिएर लिएको बयान गलत छ ।"

हत्याको मुख्य योजनाकार भनेर प्रहरीले सार्वजनिक गरेको कलैया-६ की २२ वर्षीया राधा गुप्ता आफ्नो विद्यालयमा सात महीना पहिले लेखापालमा कार्यरत रहँदा उनको गलत गतिविधि देखिएपछि विद्यालयबाट निकालेको सुबोधले बताए । त्यसयता रूपेशसँगको उनको कुनै सम्बन्ध नै नरहेको दाबी उनले गरे ।

पक्राउ परेका निर्दोष आफ्ना दुई कर्मचारीलाई रिहा नगरे र गोली हान्ने अपराधीलाई पक्राउ नगरिए आफूहरू प्रहरीविरुद्ध सडक आन्दोलनमा उत्रिने चेतावनी पनि उनले दिए ।

## खुला ठाउँमा शौच गर्ने छजनालाई जरिवाना



पोखरिया-२ स्थित नहर सडकखण्डमा खुला स्थानमा गरिएको दिसाको दुर्गन्धका कारण नाक छोपेर जाँदै यात्री । तस्वीरः प्रतीक

प्रस, पोखरिया, १५ कात्तिक/
पोखरिया नगरपालिकाको खुला स्थानमा शौच गरेको आरोपमा पक्राउ परेका छजनालाई रु एक/एक हजार जरिवाना गरिएको छ ।

देश खुला दिसामुक्त घोषणा भएको छ वर्ष बितिसक्दा पनि पोखरियाका स्थानीयवासीले जथाभावी दिसापिसाब गर्दै आएका छन् । पोखरिया नगरपालिकाले खुला दिसामुक्त क्षेत्र अभियान प्रभावकारी कार्यान्वयनका लागि निगरानी गर्दा खुला दिसापिसाब गर्ने छजनालाई पक्राउ गरेको हो ।

पोखरिया नपाका सरसफाइ संयोजक विनोद पाण्डे नेतृत्वको नगरप्रहरी र इलाका प्रहरी कार्यालय, पोखरियाको टोलीले अनुगमनको क्रममा खुला स्थानमा दिसापिसाब गर्ने पोखरिया वडा नं १, ५, ६ र ७ बाट छजनालाई पक्राउ गरेका थिए । उनीहरूलाई जनही रु एक/एक हजार जरिवाना गरी छाडिएको

(बाँकी अन्तिम पातामा)

## कात्तिक १७-२८ गते भिटामिन 'ए' र जुकाको औषधि खुवाइने



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १५ कात्तिक/
नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाको आयोजनामा नियमित खोप सेवामार्फत सरसफाइ प्रवर्द्धन कार्यक्रमको औचित्य र सञ्चालन प्रक्रियाबारे अन्तर्क्रिया कार्यक्रम जिल्ला स्वास्थ्य कार्यालय, पर्सामा सम्पन्न भएको छ । कार्यक्रमका सहभागीहरूलाई कात्तिक १७ र २८ गते राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम अन्तर्गत छ महीनादेखि ५९ महीनासम्मका बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल खुवाउने र १२ महीनादेखि ५९ महीनाका बालबालिकालाई जुकाको औषधि खुवाउने कार्यक्रम देशभरि सञ्चालन हुने बताइएको थियो ।

कार्यक्रममा दुई वर्षदेखि पाँच वर्षमुनिका बालबालिकाहरूमध्ये दादुरा रूबेला खोप नलगाएका बालबालिकालाई पहिचान गरी सोको अभिलेख सङ्कलन गर्ने बताइएको थियो ।

कार्यक्रममा वीरगंज महानगरपालिकाका ३६ वटा स्वास्थ्य संस्थामध्ये सरकारी तथा निजी स्वास्थ्य संस्थाका २६ जना स्वास्थ्यकर्मीको सहभागिता थियो । कार्यक्रममा स्वास्थ्यकर्मीहरूलाई नियमित खोप सेवामार्फत सरसफाइ प्रवर्द्धन कार्यक्रमको लागि चाहिने कीट वितरण गरिएको थियो ।

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा मुक्तिनारायण साह, अधिकृत जयमोद ठाकुर, फोकल पर्सन वीरगंज महानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख अनिल यादवलगायतको सहभागिता थियो ।

**विचारसार एवं सूक्तिहरू**

**सबै मानिसको स्तर समान हुनुपर्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# पाकिस्तानमा अफगानी शरणार्थी

**पाकिस्तान सरकारले अफगानिस्तानबाट गैरकानूनीरूपमा पाकिस्तान आएका शरणार्थीहरूलाई नोभेम्बरसम्म देश छोड्न निर्देशन दिएको समयसीमा सकिँदै छ। पाकिस्तानमा १७ लाख अफगानी शरणार्थी रहेको अनुमान गरिएको छ। पाकिस्तानमा लामो समयदेखि अफगानी शरणार्थीहरू छन्। पछिल्लोपटक तालिबान सत्तामा आएपछि अफगानी शरणार्थी पाकिस्तानमा ह्वात्तै बढे। पाकिस्तान र अफगानिस्तानबीच मित्रता हुँदादेखि नै अफगानीहरू आफ्नो देशमा गृहयुद्ध वा द्वन्द्व बढ्दा पाकिस्तानमा शरण लिन्थे। पाकिस्तानबाहेकका अन्य छिमेकी मुलुकमा पनि अफगानी शरणार्थी पुग्ने गरेका छन्, सोमध्ये पाकिस्तान मुख्य हो। यसो त पाकिस्तानका नागरिक पनि शरणार्थीको रूपमा अफगानिस्तान पस्ने गरेका छन्। तर यो सङ्ख्या थोरै छ। दुई मुलुकबीच नागरिकस्तरमा समेत दूरी बढ्दै जाने क्रममा यस वर्ष झन् आगोमा घ्यू थपिएको छ। पाकिस्तान र अफगानिस्तानबीच दुवै देशको सीमामा धेरै चरमपन्थी हमला भएपछि तनाव बढेको हो।**

**बढ्दो तनावको प्रतिक्रियास्वरूप पाकिस्तानले अफगानी शरणार्थीलाई देशबाट धपाउन थालेको हो। अवैध आप्रवासीविरुद्ध कारबाही गर्ने पाकिस्तानले घोषणा गरिसकेको छ। सन् २०२१ मा अफगानिस्तानमा तालिबान सत्तामा फर्किएपछि पाकिस्तानले हजारौं अफगानीलाई शरण दिएको थियो। करीब १३ लाख अफगानी शरणार्थीका रूपमा पाकिस्तानमा दर्ता भएका छन्। दर्ता भएकामध्ये आठ लाख ८० हजार अफगानीले कानूनीरूपमा नै पाकिस्तान बस्ने अनुमति पाएका छन्। कानूनीबाहेक गैरकानूनीरूपमा पाकिस्तानमा बसिरहेका अफगानी शरणार्थीको सङ्ख्या १७ लाखभन्दा बढी छ। हाल पाकिस्तानले गैरकानूनीरूपमा रहेकाहरूलाई मात्रै देश निकाला गर्न थालेको हो। मिल्ने भए कानूनी, गैरकानूनी सबै अफगानीलाई पाकिस्तानबाट निकाल्ने थियो होला। तर दर्ता भएका शरणार्थीलाई निकाल्दा अन्तर्राष्ट्रिय कानून आकर्षित हुने र संयुक्त राष्ट्रसङ्घले कारबाई गर्ने हुँदा पाकिस्तान सरकार सोचविचारका साथ अघि बढेको हो। स्वेच्छाले नगए पक्राउ गरेर भएपनि देश निकाला गर्ने पाकिस्तान सरकारले चेतावनी दिएको छ।**

**कुनै बेला अफगानिस्तानको खुशियालीमा पाकिस्तानमा उत्सव हुन्थ्यो भने पाकिस्तानको सफलतामा अफगानिस्तानमा आतिशबाजी गरिन्थ्यो। यी दुई छिमेकी राष्ट्रबीच विभिन्न कारणले सम्बन्ध बिग्रँदै गएको हो। अफगानिस्तान र पाकिस्तानबीचको अन्तर्राष्ट्रिय सीमा विवादको स्रोत बनेको छ। सन् १८९३ मा सर मोर्टिमर डुरान्डले बनाएको यो ऐतिहासिक सीमाङ्कनले अफगानिस्तानको पूर्ण अनुमोदन पाउन सकेको छैन, जसले दुई राष्ट्रबीचको तनावको निरन्तर बढाएको छ। अन्तर्राष्ट्रिय मान्यताप्राप्त डुरान्ड रेखालाई पाकिस्तानले आफ्नो आधिकारिक सीमाको रूपमा समर्थन गरेको छ भने अफगानिस्तानले यसलाई मान्यता दिएको छैन। अफगानिस्तानको भूमिमा क्षेत्रीय घूसपैठ रहेको पाकिस्तानको आरोप छ। अफगानिस्तान–पाकिस्तान सीमामा छिटपुटरूपमा गोलीबारी हुने गरेको छ। बितेको सेप्टेम्बर महीना तोरखाम चेकप्वान्टमा [redacted] सीमारक्षकबीच गोली हानाहान [redacted]तर्फका केही सुरक्षाकर्मी र केही [redacted] गयो। जुनसुकै बहानामा भएपनि [redacted]णार्थीमाथि तुस खन्याउनु न्यायोचित [redacted] छ, त्यहाँबाट पनि लखेटिने क्रममा [redacted] राष्ट्रसङ्घले समयमैं सोचोस्।**

# बढ्दै छ महिला सक्रियता

**स्वतन्त्र विचार**




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**साँच्चीकै महिलाहरूको सक्रियता बहुमुखी छ। तर अझै पनि महिलाहरू निर्णायक क्षेत्रमा छैनन्। नीति निर्माण तहमा महिलाहरूलाई पुऱ्याउन बाँकी छ। जहाँ पालिकाहरूमा दोस्रो प्रमुखको रूपमा महिलाको भूमिका रहेको छ, त्यहाँ पनि खासै उपलब्धि देखिएको छैन।**

मूलत: मधेसी समाजको सन्दर्भलाई यहाँ दृष्टान्तार्थ प्रस्तुत गरिन्छ।

हिजोआज महिलाको सक्रियता बढेको छ। महिलाको सक्रियता घरायसी वा पारिवारिक काममा निकै बढेको छ। सक्रियतासँगै आंशिक जिम्मेवारीमा पनि वृद्धि भएको देखिएको छ।

कोरोनाको दुई वर्षे आक्रमणपछि गाउँमा अझै आर्थिक दृष्टिकोणले उत्साह आउन नसक्दा गाउँबाट कामको खोजीमा पलायन हुने क्रम निकै बढेको छ। गाउँबाट धेरै मानिस बाहिर गइसकेका छन्। जो छन् उनीहरू बाहिर जान नचाहेका होइनन्, जान नसकेर घरमा बसेका छन्।

अहिले जब धानको अर्लि भेराइटी काट्ने काम भइरहेको छ तब यसलाई मुख्यरूपमा महिलाहरूले नै सम्हालिरहेका छन्। पुरुषहरू खासै छैनन्। धान काट्ने र मशीनमा दाइँ गर्न लगाउने काममा महिलाहरू नै लागेका छन्। महिलाहरू लागेका मात्र होइनन्, धानखेतीको यो अन्तिम काम महिलाहरूले नै गरिरहेका छन्। यसरी धानखेतीको परम्परागत तरीकाले पुरुषको काममा महिलाको करीब एकाधिकार बन्न पुग्नुको मुख्य कारण गरस्बी रहेको बताइएको छ।

गाउँको श्रम बजार धान्ने करीब सबै पुरुष बाहिर गइसकेका छन्, अस्थायी रूपमा। दशैं लाग्नु अघि वा दशैं लागेसँगै नेपालकै विभिन्न क्षेत्र र भारतको पनि विभिन्न क्षेत्रमा कामको खोजीमा गएका ग्रामीण पुरुष श्रमिकहरूले भने अहिले पाउने काम धान खेतीकै हुन्छ, मुख्यत:। धान काट्ने, दाइँ गर्ने तथा धान भित्र्याउने। यससँगै नयाँ बाली लगाउन पनि सहयोग गर्ने। अहिलेको समय किसानको लागि यस्तो महत्त्वपूर्ण छ कि धान काटेसँगै खेत रबि बाली अर्थात् दलहन वा तेलहन बालीको लागि तयार भइसक्छ। यदि ढिलो गर्ने हो भने खेतको चिस्यान सुक्ने डर हुन्छ। खेतको चिस्यान सुक्दा रबि बाली लगाउन नै ढिलो हुन जान्छ। सिंचाइ गरेर पुन: खेत सुकाइ रवि बाली लगाउने हो भने निकै महँगो हुन जान जान्छ। फेरि रबि बालीलाई किसानहरूले अनिश्चित बालीको रूपमा लिने गरेका छन्। कुनै वर्ष गहुँ राम्रो हुन्छ त कुनै वर्ष तोरी, कुनै वर्ष मसुरो राम्रो हुन्छ त कुनै वर्ष केराउ। रबि बालीको उत्पादन नै अहिलेसम्म साधारण किसानको दृष्टिले अनिश्चित हुने हुनाले धान बालीजस्तो मज्जाले लगानी गर्न रुचाउँदैनन्। अनि रबि बाली लगाउनु अघि सिंचाइ गरेर आवश्यक चिस्यान भएको बेला खेत जोताइ गर्नु र त्यसपछि बाली लगाउनु चाहिं अनावश्यक खर्च हो भन्ने लाग्दछ। समय पनि बढी जाने हुन्छ। यस कारण सम्भव भएसम्म किसानहरू धानबाली निकालेर खेतको माटोको अवस्था हेरी तुरुन्त रबि बाली लगाउन चाहन्छन्। यसै कारण गाउँबाट काम गर्न गएका साधारण कृषि श्रमिकहरू धान काटेर र ती किसानको खेतमा रबि बाली लगाएर मात्र घर फर्कन्छन्। रबि बाली लगाइसकेपछि खासै काम हुँदैन। अनि छठजस्तो पर्व घर आँगनमा आइपुग्छ। यसकारण दशैंको आरम्भताका गाउँबाट कामको खोजीमा गएका कृषि श्रमिकहरू थोरै भए पनि आम्दानी गरेर छठभन्दा पहिले मात्र घर फिर्ता आउँछन्। यसबीच हुने धानखेतीको मुख्य काम ती श्रमिक पुरुषको ठाउँमा महिलाहरूले नै सम्हालिरहेका छन्।

सबै ठाउँमा यो प्रवृत्ति नहोला, तर अर्लि भेराइटी धान कम हुने र लेट भेराइटी धान बढी हुने क्षेत्र; अझ जहाँ कृषिमा व्यवसायीकरण नभई अन्न र रबि बाली मात्र लगाइन्छ, त्यहाँको अवस्था यही रहेको छ कि महिलाहरूले नै धान कटाइसम्बन्धी सम्पूर्ण काममा मुख्य भूमिका निर्वाह गर्नुपरिरहेको छ। ग्रामीण समाजको साधारण सत्य हो – हरेकको घरमा कुनै न कुनै पशुधन हुन्छ। दुई चार जोर बाख्रा, नभए भैंसी वा गाई वा गोरु। आजभोलि ग्रामीण क्षेत्रमा गाई केही घरमा पालिएको पाइए पनि गोरु भने ज्यादै कम हुन्छ। यस्ता पशुधनबाट पशुपालक किसानको आर्थिक जीवनमा ठूलो योगदान हुन्छ र फुर्सदको समयको ठूलो उपयोग पनि। एकाबिहानै उठ्ने ग्रामीण महिलाहरूले भान्साको सबै काम गर्नुका साथै यस्ता पशुधनलाई पनि बिहान गर्नुपर्ने सेवा गरिरहेका छन्। वर्तमान अवस्थामा, उत्पादन हुने दूध त डेरीमा मानिसले घरबाटै सङ्कलन गरिरहेको वा गाउँमैं डेरी सञ्चालन भएकोले निकै सजिलो भएको छ। डेरीले किसानको हातमा नगद दिइरहेको हुन्छ। यसरी घरमा पुरुष नहुँदा दूधको हिसाब किताब राख्ने पनि महिला वा बालबालिका हुन्छन्। अब यहाँ थोरै विचारणीय यो पनि देखिन्छ कि यसरी महिलाको आर्य आर्जनबाट घराइसी कामको लागि खर्च गर्न वा सञ्जय गर्न महत्त्वपूर्ण भूमिका भइरहेको छ। थोरै भए पनि महिलाको आर्थिक पहुँचमा विस्तार भएको छ।

घरको सबै काम सम्हाल्ने, आफ्नो वा अर्काको खेतमा काम गर्ने (धानको कटनी), पशुधनलाई स्याहार्ने आदि काम गरेर अहिले ग्रामीण महिलाहरूले एक किसिमले ती सम्पूर्ण काम गरिरहेका छन्, जुन आवश्यक छ। यदि विचार गर्ने हो भने अहिले छठ आउन लागेको छ। छठ पर्वको लागि महिलाले घरमा गर्नुपर्ने तयारी असीमित हुन्छ। यसैले कोजाग्रत पूर्णिमासँगसँगै महिलाहरूले छठ पर्वको तयारी शुरू गरिसकेका छन्। कोठाचोटा सफा गर्नेदेखि लिएर पक्की घर नभएको घरमा लिपपोतको पूर्व तयारी गर्ने, घरको भुइँ कहीं होचो–अग्लो भएमा मिलाउने, माटो पुर्ने वा हटाउनेजस्ता अनेक काममा लागिसकेका छन् महिलाहरू। यसपटकको छठसम्म लेट भेराइटी धानको कटनी पनि शुरू हुने सम्भावना छ।

बालबालिकाको भरणपोषण, रेखदेख, स्वास्थ्योपचार, पशुधनको स्याहार, भान्साको काम, आफ्नो वा अर्काको खेतबारीमा काम आदि सम्हालेको देख्दा महिलामा निहित क्षमतामा विस्तार भएको मान्न सकिन्छ। ऋणग्रस्ततामा चेपिएको विपन्न वर्गका महिलाहरूको सङ्घर्ष र भूमिका विगतभन्दा फरक देखिएको छ। अब हलो जोत्नुपर्दैन र कोदालो पनि खासै चलाउनुपर्दैन। गाउँसम्म पनि यस्ता काम ट्याक्टरबाटै भइरहेका छन्। यीबाहेक खेती–गृहस्थीको प्राय: सबै काममा महिलाको भूमिका अग्रणी हुन थालेको छ। परिस्थितिले दिएको सबै जिम्मेवारी महिलाहरूले सम्हालिरहेका छन्। सबै काममा सफलता प्राप्त गरिरहेका छन्। शहर–बजारतिर विचार गर्दा पनि महिलाले गर्न नसक्ने खासै कुनै काम रहेको देखिन्न र ग्रामीण क्षेत्रतिर पनि आफ्नै प्रकृतिमा यो विशेषता देख्न सकिन्छ। अब ग्रामीण महिलाहरूले आवश्यकता परेमा सबै काम गर्न हच्किनुपर्ने अवस्था छैन।

साँच्चीकै महिलाहरूको सक्रियता बहुमुखी छ। तर अझै पनि महिलाहरू निर्णायक क्षेत्रमा छैनन्। नीति निर्माण तहमा महिलाहरूलाई पुऱ्याउन बाँकी छ। जहाँ पालिकाहरूमा दोस्रो प्रमुखको रूपमा महिलाको भूमिका रहेको छ, त्यहाँ पनि खासै उपलब्धि देखिएको छैन। अरूले नै निर्णय गरेर महिलालाई केवल रबर स्टाम्पको भूमिका दिएको अनुभूति रहेको छ। वडा वा पालिकाको कार्यपालिकामा रहेका महिलाहरूको अवस्था पनि खासै पृथक देखिंदैन। नीति निर्माण र निर्णायक तहमा अझै अभ्यास वा सिकाइको रूपमा महिलाको भूमिका रहेको छ। जसरी घराइसी काममा महिलाले आफ्नो सम्पूर्ण भूमिका निर्वाह गरेको देखिन्छ, यसको आधारमा यो त जरूर स्पष्ट हुन आउँछ कि ग्रामीण महिलाहरूमा पहिलेको तुलनामा देखिनेगरी सक्रियता बढेको हो र यसको आधारमा आगामी दिनमा ग्रामीण विकासको निर्णायक तहमा नै स्वाभाविकरूपमा सोही किसिमको सक्रियता आउने छ।

# ‘जब १८ वर्षीया युवती एक घण्टे शिक्षामन्त्री बनिन्’

जनकपुरधाम, १५ कात्तिक/रासस

‘रिल’मा एक दिनका लागि मन्त्री/मुख्यमन्त्री बनेका घटना र दृश्य अहिलेको ‘भर्चुअल’ समाजका लागि नौलो होइन। यो धनुषाको जनकनन्दिनी गाउँपालिकाकी १८ वर्षीया किशोरी रजिना खातुनका लागि पनि ‘रिल’मा नौलो विषय होइन। तर ‘रिल’मा देखे सुनेको घटना वास्तविक (रियल)मैं आफ्नो जीवनमा आउला भन्ने कुरा रजिनाले कल्पनासमेत गरेकी थिइन्।

बुधवार उनको जीवनमा कल्पना नगरेकै घटना भयो अर्थात् रजिना एक घण्टाका लागि मधेस प्रदेश सरकारको शिक्षा तथा संस्कृतिमन्त्री बनिन्। कहिल्यै मन्त्रालय नटेकेकी १८ वर्षीया युवती एकाएक मन्त्री बनेपछि एकछिन अक्मकिइन्। जब प्रदेश सरकारका शिक्षा तथा संस्कृतिमन्त्री महेशप्रसाद यादवले आफू बसेको कुर्सी खाली गरेर रजिनालाई जिम्मेवारी हस्तान्तरण गरे, तब यो घटनाले स्वयम् रजिना र उनीसँगै आएका बालिकाहरूले हर्षविभोर हुँदै ताली बजाए।

कलिलो उमेरकी किशोरी अर्कोतर्फ सीमान्तकृत मुस्लिम समुदायकी एक महिला। प्रदेश सरकारले पहिलो पाँच वर्षे कार्यकाल सकेर दोस्रो कार्यकालको एक वर्ष बितिसक्दा पनि अहिलेसम्म सो समुदायबाट कुनै पनि महिलाले मन्त्री बन्ने अवसर पाएका छैनन्। यही बेला मुस्लिम समुदायकी एक किशोरी मन्त्री बनेपछि माहोल एकछिन खुशीसँगै स्तब्ध बन्यो। रजिना बेलाबेला भावुक हुन्थिइन्।




तस्वीर: रासस

“मन्त्रालय र मन्त्री बस्ने कोठा कस्ता हुन्छन् भनेर नदेखेकी म एकाएक मन्त्री भएपछि सपनाजस्तै लागिरहेको छ,” मलीन मुद्रामा उनले भनिन्, “यो जिम्मेवारी मेरो र आम किशोरीहरूको आत्मसम्मान, अवसर र सहभागिताको एक अभिव्यक्ति पनि हो।”

यो घटना न रिलमा हो न रियलमा। अन्तर्राष्ट्रिय बालिका दिवसका अवसरमा गत ११ अक्टोबरदेखि शुरू भएको ‘गर्ल्स टेकओभर’ अर्थात् ‘बालिका तथा किशोरीलाई पद हस्तान्तरण’ कार्यक्रम अन्तर्गत बुधवार प्रतीकात्मकरूपमा रजिनालाई एक घण्टे मन्त्री बनाइएको हो। यो अभियान सञ्चालन गरिरहेको प्लान इन्टरनेशनल नेपालका अञ्जु शाक्यले किशोरी सशक्तीकरणको एक नियमित अभियान अन्तर्गत यस्तो अभ्यास गरिएको जानकारी दिइन्।

“अन्तर्राष्ट्रिय बालिका दिवसका अवसरमा अक्टोबर ११ देखि विभिन्न सरकारी निकाय, सङ्संस्था, मिडिया, दूतावास, शैक्षिक संस्थालगायतमा एक दिनका लागि प्रमुख व्यक्तिको कार्यभार किशोरीलाई हस्तान्तरण गर्ने अभियान चलिरहेको छ,” शाक्यले भनिन्, “यो कार्य देशका विभिन्न सात जिल्लाका ५० जना किशोरीले विभिन्न संस्थामा ५० पदको नेतृत्व लिइसक्नुभएको छ। जिल्ला, प्रदेश, सङ्घीयस्तरमा हुने प्रत्येक पदभार ग्रहणको समयमा किशोरीमाथि लगानी, समावेशितामा आधारित किशोरी लक्षित कार्यक्रम र किशोरी तथा युवा महिलाको शक्ति र नेतृत्वका बारेमा संस्थाको प्रतिबद्धता रहने र हुनुपर्नेमा छलफल हुने गरेको छ।”

उनका अनुसार सोही अभियान अन्तर्गत मधेस प्रदेशमा पनि ‘बालिका तथा किशोरीलाई पद हस्तान्तरण’ कार्यक्रम भइरहेका छन्। आज बिहान आयोजित उक्त कार्यक्रममा प्रदेश सरकारका शिक्षामन्त्री यादव पनि कार्यक्रम अवधिभर सँगै रहे। सो क्रममा मन्त्रीको हैसियतमा रजिनाले मन्त्रालयका योजना, गतिविधि र कार्यक्रमबारे जानकारी लिनाका साथै सहभागी अन्य सहकर्मीबाट प्रश्नोत्तर शैलीमा जिज्ञासासमेत सुनिन्।

जवाफमा मन्त्री रजिनाले भनिन्, “मन्त्रालयका योजना सुनेर मलाई खुशी लागेको छ। तर हाम्रो गाउँघरमा सामुदायिक विद्यालयको अवस्था नाजुक छ। पर्याप्त कक्षाकोठा, टेबुल कुर्सी, शौचालय छैनन्। किशोरीहरूलाई महीनावारी भएका बेला विद्यालय जान निकै कठिन भइरहेको छ। प्याड दिने भनिए पनि हामीले आवश्यकता अनुसार पाएका छैनौं। त्यस कारण भौतिक पूर्वाधार र गुणस्तरीय शिक्षण सिकाइमा विशेष ध्यान दिन म आग्रह गर्छु।”

रजिनाको आत्मविश्वास मिश्रित गुनासो, अपेक्षा र पीडा प्रत्यक्ष हेरिरहेका

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४४८

# नेपालसँग आन्तरिक स्रोत पर्याप्त नभएकाले वैदेशिक लगानी अपरिहार्य छ –अर्थमन्त्री डा महत


तस्वीरः सौजन्य

काठमाडौं, १५ कात्तिक/रासस

अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालको समृद्धि र आर्थिक रूपान्तरणका लागि ठूलो वित्तीय स्रोतको आवश्यकता रहेको र त्यसका लागि आन्तरिक स्रोत पर्याप्त नहुने भएकाले वैदेशिक लगानी अपरिहार्य रहेको बताएका छन् ।

बेलायतको राजधानी लन्डनस्थित नेपाली दूतावासले आयोजना गरेको उच्चस्तरीय लगानी सम्मेलनमा अर्थमन्त्री डा महतले वैदेशिक लगानी अपरिहार्यतामा जोड दिएको उनको सचिवालय तथा लन्डनस्थित नेपाली राजदूतावासले जनाएको छ ।

नेपाल र संयुक्त अधिराज्यबीच सन् १९२३ मा सम्पन्न मैत्री सन्धि हस्ताक्षर भएको एक सय वर्ष पूरा भएको अवसरमा नेपाली दूतावासले ‘सिटी अफ लन्डन’ को ‘म्यान्सन हाउस’मा मङ्गलवार एक उच्चस्तरीय लगानी सम्मेलनको आयोजना गरेको हो ।

सो अवसरमा अर्थमन्त्री डा महतले नेपाल सरकारले लगानीमैत्री वातावरणका लागि आवश्यक ऐन, कानून निर्माण तथा परिमार्जन एवं संस्थागत व्यवस्था गरेको र यस वर्षको बजेटले लगानीकर्तालाई थप सहजीकरण गर्न विभिन्न सुधारका कार्य शुरू गरेको समेत बताए । उनले अन्तर्राष्ट्रिय वित्त बजारबाट पूँजी परिचालन गर्न आवश्यक कानूनी पूर्वाधार तयार गरिने जानकारी दिंदै आगामी दिनमा बेलायतबाट लगानीमा थप वृद्धि हुने विश्वास व्यक्त गरे ।

बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्यले नेपालले वित्तीय केन्द्र लन्डनबाट लगानीका दीर्घकालीन वित्तीय स्रोतहरूमार्फत बेलायतबाट नवीकरणीय ऊर्जा, सूचना प्रविधि, शिक्षा तथा पर्यटन क्षेत्रमा प्राथमिकताका साथ लगानी भित्र्याउन चाहेको बताए । नेपालले विद्युत् व्यापारका लागि छिमेकी मुलुक भारतसँग द्विपक्षीय सम्झौता गरेको तथा बङ्गलादेशसमेत निर्यात गर्न तयारी गरेको बताउँदै नेपालको जलविद्युत्बाट नेपाल मात्र नभई दक्षिण एशियाली क्षेत्रमैं जलवायु परिवर्तनसम्बन्धी लक्ष्य पूरा गर्न सहयोग पुग्ने बताए ।

कार्यक्रममा सिटी अफ लन्डनका अल्डरम्यान तथा शेरीफ ब्रोनेक मसोजादाले सिटी अफ लन्डनमा प्रशस्त वित्तीय स्रोत तथा जोखिम वहन गर्ने बीमा कम्पनीहरू रहेका र नेपालको दिगो विकासका लागि सिटी अफ लन्डनको सहयोग रहने बताए ।

बेलायती परराष्ट्र मन्त्रालयका निर्देशक बेन मेलरले गत केही वर्षमा ब्रिटिश इन्टरनेशनल इन्भेस्टमेन्टमार्फत नेपालका विभिन्न क्षेत्रमा लगानी बढ्दै गएको र वैदेशिक लगानीको वातावरण सुधारका लागि बेलायतले सहयोग गरिरहेको बताउँदै नेपालको अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुने प्रक्रियालाई सहज बनाउन निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । बेलायती संसद्मा बेलायत–नेपाल संसदीय समूहका अध्यक्ष वीरेन्द्र शर्माले नेपाल–बेलायत ऐतिहासिक सम्बन्धको चर्चा गर्दै नेपालका विभिन्न क्षेत्रमा लगानीका प्रशस्त सम्भावनाहरू रहेको बताए । युके एक्सपोर्ट फाइनान्सका प्रमुख कार्यकारी अधिकृत टिम रिडले नेपालका विभिन्न क्षेत्रमा एक दशमलव पाँच बिलियन पाउन्डसम्म लगानी गर्न युके एक्सपोर्ट फाइनान्स तयार रहेको जानकारी दिए ।

विशेषगरी नेपालको नवीकरणीय ऊर्जा, सूचना प्रविधि एवं शिक्षा क्षेत्रमा लगानी भित्र्याउनेबारेमा केन्द्रित उक्त सम्मेलनमा नवीकरणीय ऊर्जा तथा सूचना प्रविधिसम्बन्धी विषयमा उक्त क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूसँग छुट्टाछुट्टै प्यानलमा छलफल भएको थियो भने शिक्षा क्षेत्रमा नेपालमा रहेका अवसरहरूका बारेमा ब्रिटिश कलेजका अध्यक्ष राजन कँडेलले प्रस्तुति दिएका थिए ।

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले वैदेशिक लगानी स्वीकृति तथा विदेशी कम्पनीको लाभांश फिर्ता लैजाने प्रक्रिया सरलीकरण गर्न नेपाल राष्ट्र बैंक प्रतिबद्ध रहेको लगानीकर्तालाई आश्वासन दिए । लगानी बोर्ड नेपालका सहसचिव अमृत लम्सालले वैदेशिक लगानीका लागि नेपालको विभिन्न क्षेत्रमा रहेका अवसरका बारेमा प्रस्तुति दिंदै वैदेशिक लगानी स्वीकृति तथा परियोजना कार्यान्वयन अवधिभर विदेशी लगानीकर्तालाई सहजीकरण गर्न लगानी बोर्ड प्रतिबद्ध रहेको बताए ।

त्यसैगरी, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव सन्दीप देवले नेपालको ऊर्जा क्षेत्र विशेषगरी कार्यान्वयनमा रहेका जलविद्युत् परियोजनाहरू, भारत तथा चीनसँग विद्युत् विकास तथा खरीदका लागि भएका सम्झौताहरू एवं जलविद्युत् विकासका लागि नेपाल सरकारको आगामी योजनाका बारेमा उल्लेख गर्दै यसका लागि ठूलो पूँजीको आवश्यकता रहेकाले लगानीकर्ताहरूका लागि यस क्षेत्रमा ठूलो अवसर रहेको बताए ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानीमैत्री वातावरण भएको हुँदा वैदेशिक लगानीकर्तालाई निर्धक्क भएर लगानी गर्न निजी क्षेत्रको तर्फबाट आग्रह गरे ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपालका अध्यक्ष गणेश कार्कीले नेपालमा जलविद्युत् तथा अन्य नवीकरणीय ऊर्जाको क्षेत्रमा लगानीका अवसरका बारेमा जानकारी दिंदै नेपाल सरकारको भूमिका सकारात्मक रहेकोले वैदेशिक लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न आह्वान गरे ।

ब्रिटिश इन्टरनेशनल इन्भेस्टमेन्टका प्रबन्ध निर्देशक कोलिन बक्ली तथा डोल्मा इम्प्याक्ट फन्डका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत टिम गोचरले नेपालमा आफूहरूले गरेको लगानी फलदायी रहेको बताउँदै उत्तरदायी लगानीका लागि नेपाल उपयुक्त देश भएको औंल्याए ।

सम्मेलनमा नेपालमा लगानी गरिरहेका विकास वित्तीय संस्थाका तर्फबाट इन्भेस्ट फर इम्प्याक्ट नेपालका प्रमुख कार्यकारी अधिकृत विवेक श्रेष्ठले विकास वित्तीय संस्थाहरूको लगानीका बारेमा प्रस्तुति दिए । साथै सो अवसरमा नेपाल सरकार अर्थ मन्त्रालय तथा नेपालमा लगानी गरिरहेका छवटा विकास वित्तीय संस्था ब्रिटिश इन्टरनेशनल इन्भेस्टमेन्ट–बेलायत, एफएमओ–नेदरल्यान्ड, बायो–बेल्जियम, फिनफन्ड–फिनल्यान्ड, प्रोपार्को–फ्रान्स एवं साइफेम–स्वीट्जरल्यान्डबीच नेपालमा विकास वित्तीय संस्थाहरूको लगानी सहजीकरण गर्नेसम्बन्धी एक समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भयो ।

सो अवसरमा अर्थमन्त्री डा महतले हिन्दुजा ग्रुप अफ इन्डस्ट्रिजका अध्यक्ष जिपी हिन्दुजासँग नेपालमा लगानी भित्र्याउने विषयमा छलफल गरेका थिए । सो सम्मेलनमा बेलायती बैंकर्स, निजी लगानीकर्ताहरू, बीमा कम्पनीहरू, बेलायतलगायत युरोपेली मुलुकका विकास वित्तीय संस्थाका प्रतिनिधिहरू, व्यापार मन्त्रालय एवं परराष्ट्र मन्त्रालयका पदाधिकारीहरू, नेपाली डायस्पोरा, नेपालमा लगानी गरिरहेका बेलायती कम्पनीहरूलगायत गरी करीब सयजनाको सहभागिता थियो ।


**दरबार क्षेत्रको अवलोकन गर्दै पर्यटक:** विश्व सम्पदा सूचीमा रहेको भक्तपुर दरबार क्षेत्रको बुधवार अवलोकन गर्दै विदेशी पर्यटक । तस्बिरः रत्न श्रेष्ठ/रासस

# वीरगंज महानगरले उठायो रु छ लाख जरिवाना

वीरगंज, १५ कात्तिक/रासस

वीरगंज महानगरपालिकाले चालू आर्थिक वर्ष २०८०/८१ को तीन महीनामा जरिवानाबापत रु छ लाखभन्दा बढी राजस्व सङ्कलन गरेको छ ।

सडकमा जथाभावी फोहर फ्याँक्नेसँग गत २०७९ पुस १७ गतेदेखि जरिवाना तिराउन शुरू गरेको महानगरपालिकाले चालू आव २०८०/८१ को साउनदेखि हालसम्म विभिन्न व्यक्ति तथा सङ्घसंस्थाबाट रु छ लाख १७ हजार जरिवाना सङ्कलन गरेको हो ।

महानगर क्षेत्रलाई सुन्दर, सफा, स्वच्छ र पर्यावरणयुक्त नमूना महानगर बनाउने उद्देश्यका साथ नियमित सरसफाइसँगै जथाभावी फोहर फ्याल्नेलाई जरिवाना गर्दै आएको वीरगंज महानगरपालिकाले सार्वजनिक अपराध कसूरसम्बन्धी मुद्दासमेत चलाउने तयारी गरेको छ । महानगरका सडक तथा गल्लीमा जथाभावी फोहर फ्याल्नेसँग जरिवाना तिराउँदै आएको महानगरपालिकाले अब जरिवानासँगै फोहर फ्याँक्नेउपर सार्वजनिक अपराध कसूरसम्बन्धी मुद्दा चलाउने तयारी गरेको महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सर्फुद्दीन मियाँले जानकारी दिए ।

उनका अनुसार गत आव २०७९/८० मा जरिवानाबाट रु १५ लाख ३६ हजार पाँच सय पाँच राजस्व सङ्कलन भएको थियो । “घर, पसल र कार्यालयबाट




निस्कने फोहर जतातत‌ै फ्याँक्ने स्थानीयहरूमा प्रवृत्ति छ”–सरसफाइ शाखा प्रमुख मियाँले भने–“त्यस्तो प्रवृत्ति निरुत्साहित गर्न हामीले फोहर फ्याँक्नेलाई जरिवाना गर्ने अभियान शुरू गरेका छौं ।” यो अभियानलाई थप प्रभावकारी बनाउन सार्वजनिक मुद्दा चलाउने योजना बनाएको उनको भनाइ छ ।

सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरको ३२ वटै वडामा तीन चरणमा नियमित सरसफाइ हुँदै आएको छ । महानगरपालिकाको वडा नं १ देखि ३२ वटै वडामा वीरगंजस्थित पृथी तारा एमके इनरनेशनल जेभीसँग गत २०७६ साल जेठ २ सम्झौता गरी नियमित सरसफाइ हुँदै आएको छ ।

विगतमा डम्पिङ साइट नहुँदा फोहरमैला व्यवस्थापनमा समस्या हुँदै आएकोमा चार वर्ष अघि महानगरले आफ्नो डम्पिङ साइट बनाएपछि फोहरमैला व्यवस्थापनमा अहिले कुनै समस्या नरहेको उनले बताए । विगत केही वर्ष अघिसम्म अस्तव्यस्त र दुर्गन्धित नगरका रूपमा परिचित महानगर क्षेत्रलाई सरसफाइको दृष्टिले मुलुककै नमूना महानगर बनाउने लक्ष्यका साथ योजना अघि बढाइएपछि यतिबेला वीरगंज महानगर क्षेत्र सफा र सुन्दर देखिन थालेको हो ।

# कात्तिक कृष्णपक्ष लागेसँगै कुमालेको व्यस्तता

महोत्तरी, १५ कात्तिक/रासस

चन्द्रमासले कात्तिक कृष्णपक्ष लागेसँगै मधेसमा कुमाले जाति समुदायको व्यस्तता बढेको छ । यस पक्षको अन्त्यमा पर्ने दीपावली र त्यसलगत्तै शुरू हुने छठ पर्वमा माटाका भाँडाको माग बढ्ने आसले कुमाले यो पक्ष लागेसँगै व्यस्त भएका हुन् ।

दीपावली र छठ पर्वमा कलश राखिने भाँडा, दियो, घडा (गाग्रो) र छ्याँची (दही जमाउने भाँडा) र ढकनासहित नयाँ माटाका भाँडा प्रयोग गरिने मधेसको परम्परा अनुसार अहिले यी भाँडा बनाउने काम कुमाले समुदायको प्राथमिकतामा परेको हो ।

वर्षभरि अन्य बेला खासै प्रयोगमा आउन छाडेका माटाका भाँडा पर्वविशेषमा मधेसी परम्परामा अनिवार्य जस्तै मानिन्छ । पर्वविशेषमा बत्ती बालिने दियो, कलश राखिने अङ्खरा वा करुवा, पर्वका दही जमाइने छ्याँची, पर्वमा चढाइने सामग्री राखिने तौला र गाग्रीसहितका माटाका नयाँ भाँडा प्रयोग गर्ने स्थापित परम्परा छ । यस परम्पराले अहिले प्राचीन मधेस क्षेत्रका सबैजसो हटिया (बजार)मा अहिले माटाका भाँडाको बजार जम्दैछ ।

महोत्तरीको सुदूरउत्तरवर्ती मुख्य व्यापारिक केन्द्र बर्दिबासको मुख्यचोक र हटियामा अहिले २० वटाभन्दा बढी माटोका भाँडापसल थापिएका छन् । अन्य बेला साप्ताहिक हाट लाग्ने दिन मात्र यी भाँडाका बजार लागे पनि अहिले कात्तिक कृष्णपक्ष शुरू भएसँगै दिनदिनै माटाका भाँडाको बजार जमेको बर्दिबास व्यापार सङ्घका महासचिव उत्तम श्रेष्ठ बताउँछन् ।

मधेस क्षेत्रमा माटाका नयाँ भाँडा शुभ कार्य गर्न उत्तम हुने धार्मिक, सांस्कृतिक र सामाजिक मान्यताले चाडपर्वमा यसको माग बढ्ने गरेको यस क्षेत्रका उद्यमी व्यापारीको भनाइ छ । दीपावली र छठ पर्वमा पूजा आराधनामा


तस्वीरः सौजन्य

प्रयोग गरिने सामग्री माटाकै भाँडामा राखनधरन गरिने परम्पराले माटाका नयाँ भाँडाको कारोबारमा वृद्धि भएको यस्ता भाँडा बनाउने पेशाका कुमालहरूको भनाइ छ ।

भाँडा बिक्री भएसँगै आफूहरूको दीपावली र छठ पर्वको खर्च जोहो हुने गरेको कुमाल (माटाका भाँडा बनाउने मधेस क्षेत्रका जातिविशेष) बताउँछन् । पर्वको मुख पारेर महोत्तरीका बर्दिबास, औरही, सीतापुर, रामगोपालपुर, गौशाला, सम्सी र जिल्ला सदरमुकाम जलेश्वरसहितका नगरमा माटाका भाँडाका स्थायी स्टल (पसल) नै राखिएका छन् । महोत्तरीबाहेकका मधेस प्रदेशका अन्य जिल्लाका बजारमा पनि माटाका भाँडा बिक्री हुँदै आएका छन् । माटाका भाँडाबर्तनको बिक्रीका लागि दीपावली र छठ पर्वपूर्व उपयुक्त बेला मानिन्छ । विगतमा घर व्यवहार प्रयोजनमा बाक्लै माटाका भाँडा प्रयोग गरिने भएपनि अब दैनिक प्रयोजनमा यसको प्रयोग हुन छाडेको छ । यसैले चाडपर्वका लागि मात्र यसको माग हुने गरेको कुमाले बताउँछन् । मधेसमा दीपावली, छठ, चौरचन र दशैं माटाका नयाँ भाँडाको माग हुने मुख्य पर्व भएपनि यसको छुट्टै बजारको चहलपहल चाहिं दीपावली र छठ पर्वको मुखमा हुने गरेको छ ।

मधेस क्षेत्रमा दुई दशक पहिलेसम्म माटाका भाँडा दैनिक प्रचलनमा रहे पनि त्यसयता प्लास्टिकका भाँडाको प्रयोग बढेपछि आफूहरूको व्यवसाय चाडपर्व विशेषमा खुम्चिएको कुमाले बताउँछन् । अहिलेको कमाइले वर्षभरिको नगद खर्चको जोहो गर्नुपर्ने हुँदा काम भ्याइनभ्याइ परेको भङ्गाहा नगरपालिका–५ भूचक्रपुर बस्तीका काशीलाल पण्डित कुमालले बताए । दीपावली र छठ पर्वका अवसरमा महोत्तरीका बजारमा ५० लाखभन्दा बढीका माटाका भाँडाको कारोबार हुने जलेश्वर उद्योग वाणिज्य सङ्घका पदाधिकारीको अनुमान छ । कात्तिक कृष्णपक्षसँगै जमेको माटाका भाँडाको बजार छठसम्मै रहने र यस्ता सामानमा केही मूल्यवृद्धिसमेत भएको हुँदा यी पर्वभित्र जिल्लाभरिमा ५० लाखभन्दा बढीको कारोबार हुने जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष लवराजा सिंह बताउँछन् ।

# शेयर बजारको ओरालो यात्रा कायमै

काठमाडौं, १५ कात्तिक/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकको ओरालो यात्रा बुधवार पनि कायमै देखिएको छ । हिजो मङ्गलवार दोहोरो अङ्कले घटेको नेप्से परिसूचक आज पाँच दशमलव ८३ अङ्कले घटेको छ ।

आजको कारोबारपछि नेप्से परिसूचक एक हजार ८५८ दशमलव ५६ को बिन्दुमा कायम भएको छ । आज २९६ कम्पनीका ३३ लाख ६४ हजार ५६ कित्ता शेयर ७७ हजार ८७० पटक खरीद–बिक्री हुँदा रु ८१ करोड २० लाख ८९ हजार २९१ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

लगानी समूह शून्य दशमलव ०८ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेका छन् । सबैभन्दा धेरै होटल तथा पर्यटन समूह एक दशमलव ०१ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ९८ प्रतिशतले घटेका छन् । सयपत्री हाइड्रोपावर लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै नौ दशमलव ३९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको शेयर मूल्य सात दशमलव ९९ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रु १४ करोड ६० लाख दुई हजार २२५ बराबरको छ लाख १६ हजार ७७५ कित्ता शेयर किनबेच भएका छन् ।

# कृषि उत्पादन वृद्धिमा कोरियाको सहयोग

विचार



-छङ् ह्वाङ् गुन्

**हामी नेपालको कृषि क्षेत्रलाई आधुनिकीकरणमार्फत खाद्यान्न उत्पादनमा आत्मनिर्भर बनाई खाद्यान्न सुरक्षा प्रदान गर्न मदत गर्नेछौं । कृषिको विविधीकरण, व्यवसायीकरण, यन्त्रीकरण र क्षमता विस्तार गरी बेरोजगारी न्यूनीकरण गर्न भूमिका खेल्नेछ भन्ने लाग्दछ ।**

कोरिया–नेपाल कूटनीतिक सम्बन्ध आगामी वर्ष ५० औं वर्षमा प्रवेश गर्दैछ। भौगोलिकरूपमा टाढा भए पनि नेपाल र कोरियाबीच धेरै ऐतिहासिक र सांस्कृतिक समानता रहेको छ । यस अवधिमा दुई देशबीच उच्चस्तरीय भ्रमणको आदानप्रदानदेखि विभिन्न आर्थिक सहयोग उपलब्ध भएको छ । विगत १५ वर्षदेखि कोरियाले नेपाललाई व्यावसायिक तालीम, स्वास्थ्य, कृषि र सूचना तथा सञ्चार प्रविधि केन्द्रित विकास सहायता प्राथमिकताका साथ उपलब्ध गराएको छ। बितेका ३० वर्षमा कोरियाली अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) द्वारा १५७ विकास परियोजना कार्यान्वयन भएका छन् । रोजगार अनुमति पद्धति (इपिएस) मा आबद्ध १६ देशमध्ये नेपाल यो वर्ष पहिलो नम्बर बनेको छ। यो वर्ष २० हजार नेपालीलाई कोरियामा काम गर्ने अवसर प्रदान गरिएको छ ।

सन् २०२६ मा विकासशील देशमा स्तरोन्नति हुने नेपालको लक्ष्यमा आफ्नो देशले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं । अल्पविकसित राष्ट्रबाट उठ्ने तयारीमा रहेको नेपालका लागि कोरिया सधैं साझेदार रहने छ। कोरियाले नेपाललाई व्यावसायिक तालीम, स्वास्थ्य, कृषि र सूचना तथा सञ्चार प्रविधि केन्द्रित विकास सहायता प्राथमिकताका साथ उपलब्ध गराएको छ। विगत ३० वर्षमा कोरियाली अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) ले १५७ विकास परियोजना कार्यान्वयन गरेको छ ।

आगामी दिनमा अन्य क्षेत्रमा जस्तै कोरियाले नेपालको कृषि क्षेत्रमा पनि थप सहयोग गर्ने नीति लिएको छ । म आफैं कृषक परिवारमा हुर्किएर सानैदेखि कृषकको सुख–दुःख राम्ररी अनुभव गरेको छु । विश्वविद्यालयको अध्ययन पनि कृषि विषयमा नै गरेको हुनाले कृषि क्षेत्र विकासका लागि गहिरो अनुभव रहेको छ। कृषि क्षेत्रमा आबद्ध जनसङ्ख्या धेरै रहेको नेपालमा कृषिमन्त्रीको हैसियतमा पहिलोपटक भ्रमण गर्दा सकारात्मक ऊर्जा मिलेको छ ।

कोरिया र नेपाल दुई देशको सम्बन्ध विगत लामो समयदेखि नै अत्यन्त सुमधुर रहिआएको छ । नेपाललाई आवश्यक पर्दा कोरिया सरकार र जनताले नेपालका विभिन्न क्षेत्रमा हातेमालो गर्दै आएका छन्। हामी दुई देशबीच सांस्कृतिकरूपमा पनि समानता रहेको छ । नेपालको प्राकृतिक सौन्दर्य अवलोकनका लागि तथा धार्मिकस्थल भ्रमणका लागि ठूलो सङ्ख्यामा कोरियाली पर्यटकहरूले नेपाल भ्रमण गरिरहेका छन् । हिमालयको पदयात्रा र बुद्धको जन्मस्थल लुम्बिनीको तीर्थयात्राका लागि बर्सेनि ३० हजार कोरियन नेपाल आउने गर्दछन् ।

नेपालबाट पनि लामो समयदेखि कोरियाको औद्योगिक तथा कृषि क्षेत्रमा काम गर्न तथा अध्ययन व्यवसायका लागि ठूलो सङ्ख्यामा नेपालीले कोरिया आवतजावत गरिरहेका छन्। कोरियाबाट कृषि क्षेत्रमा काम गरेर फर्केका अधिकांश नेपालीले कृषि क्षेत्रमा कोरियाबाट सिकेको सीपको उपयोग गरिरहेको पाइन्छ। मलाई लाग्छ नेपाल भौगोलिक र मौसमका हिसाबले विश्वमा उब्जनी हुने सबै किसिमका कृषिजन्य वस्तुको उत्पादन क्षेत्र हो । त्यसैले बहुसङ्ख्यक नेपालीहरू कृषि पेशामा आश्रित भएको बारे जानकार छु ।

विगतको तुलनामा हामी दुई देशबीच उच्चस्तरको भेटघाटले पनि स्थान पाउँदै गएको छ । यही वर्ष सेप्टेम्बर २१ तारिखका दिन संयुक्त राष्ट्रसङ्घको ७८औं महासभाका क्रममा अमेरिकाको न्युयोर्कमा कोरिया र नेपाल दुई देशका सरकार प्रमुखबीच भेटवार्ता भएको छ। गणतन्त्र कोरियाका राष्ट्रपति युन सख्यल र नेपालका प्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड' बीच न्युयोर्कमा द्विपक्षीय औपचारिक वार्ता भएको थियो । कूटनैतिक सम्बन्ध स्थापना भएको ५०औं वर्षगाँठ नजीकै आएको अवसरमा दुई देशका कार्यकारी प्रमुखको वार्तालाप हुनु सुखद पक्ष हो भन्ने लाग्छ । त्यसबेला पनि उहाँहरूले कूटनीतिक सम्बन्ध स्थापनाको ५०औं वार्षिकोत्सव स्मरणीय बनाउने तथा दुई देशबीच विभिन्न क्षेत्रमा विकास साझेदारी कार्यक्रम मजबुत गर्ने विषयमा छलफल भएको छ। दुई देशका प्रमुखहरूको वार्तालापपश्चात् विभिन्न क्षेत्रमा विकास साझेदारी अवधारणालाई अगाडि बढाउन मलाई गणतन्त्र कोरियाका राष्ट्रपतिको विशेष दूतका रूपमा नेपाल भ्रमण गर्ने अवसर मिलेको छ ।

कोरिया सरकार कृषि, खाद्य तथा ग्रामीण मामिलामन्त्रीको नेतृत्वमा यही कात्तिक १५ देखि १७ गते नेपाल भ्रमणमा रहेको छ । दुई देशका सरकार तथा जनस्तरको सम्बन्ध प्रगाढ बनाउन यस भ्रमणले महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्ने लागेको छ । हामी नेपालको विभिन्न क्षेत्रमा सहकार्य गर्नका लागि आतुर छौं। यस भ्रमणले नेपालको कृषि क्षेत्रको विकासमा अतुलनीय भूमिका खेल्नेछ भन्ने मेरो बुझाइ छ ।


यस भ्रमण अवधिमा नेपालका कृषि मन्त्रीसँग द्विपक्षीय वार्तालाप हुनेछ र सोही अवसरमा कोरिया नेपालबीच कृषि क्षेत्र विकासका साझेदारीका लागि आवश्यक सम्झौतापत्रमा हस्ताक्षर हुनेछ । यस सम्झौताले नेपालमा कोरिया पार्टनरसिप फर इनोभेशन अफ एग्रिकल्चर (कोपिया) स्थापना गर्न भूमिका खेल्नेछ। नेपालमा कोपिया स्थापना भएपश्चात् नेपालको कृषि क्षेत्रमा महत्त्वपूर्ण योगदान खेल्नेछ। नेपालको धानबाली उत्पादन वृद्धि तथा आलु खेती उत्पादन वृद्धि गर्न यस सम्झौताले उल्लेखनीय भूमिका निर्वाह गर्नेछ । नेपालमा दैनिक भोजन गरिने दालभात जस्तै कोरियामा पनि समान परिकार लिने गरिएको छ। धेरै मात्रामा उपभोग हुने चामल तथा अन्य तरकारीको तुलनामा बढी मात्रामा प्रयोग हुने आलु खेतीको विकास भए मात्र पनि नेपालले वार्षिकरूपमा हुँदै आएको खाद्यान्न आयात केही हदसम्म घटाउन सक्छ भन्ने लाग्दछ। कृषिमा आधुनिकीकरण गरेर बाँझो खेतबारी हराभरा बनाउने उद्देश्य लिएर हामी सबै किसिमका प्राविधिक तथा आवश्यक सहयोग उपलब्ध गराउँदै जाने विचार लिएका छौं ।

त्यसैगरी पशुपालन क्षेत्रमा पनि कोरियाको सहयोग निरन्तर रहने बारे स्मरण गराउन चाहन्छु । कोरियाले समयसापेक्षरूपमा विकास गरेको कृषि क्षेत्रको विकासको अनुभव नेपालसँग साझेदारी गर्न चाहन्छौं । यसै सन्दर्भमा सन् २०२२ को डिसेम्बर महीना, गणतन्त्र कोरियाबाट होलेस्टेन जातका १०१ वटा दुधालू गाईका बाच्छी र बाच्छाहरू जहाजमार्फत नेपाल आएको स्मरण गराउन चाहन्छु । अर्ध शताब्दी अगाडितिर कोरियामा एउटा गाईबाट दैनिक औसत १० लिटरभन्दा कम दूध उत्पादन हुन्थ्यो भने हाल उन्नत जातका गाईमार्फत दैनिक ३२ लिटर दूध उत्पादन हुने अवस्था छ। हामीले नेपालमा उन्नत जातका गाईपालनका लागि आवश्यक पर्ने सम्पूर्ण सहयोगको पनि व्यवस्था गरेका छौं। हामी नेपाल दूधजन्य पदार्थमा आत्मनिर्भर बनोस् भन्ने योजनाका साथ अगाडि बढिरहेका छौं । नेपालका पशुपालन क्षेत्रमा आबद्ध कृषकहरू यसबाट लाभान्वित हुनेछन् भन्ने सोच रहेको छ।

हामी नेपालको कृषि क्षेत्रलाई आधुनिकीकरणमार्फत खाद्यान्न उत्पादनमा आत्मनिर्भर बनाई खाद्यान्न सुरक्षा प्रदान गर्न मदत गर्नेछौं। त्यसैगरी कृषिको विविधीकरण, व्यवसायीकरण, यन्त्रीकरण र क्षमता विस्तार गरी बेरोजगारी न्यूनीकरण गर्न गहन भूमिका खेल्नेछ भन्ने लाग्दछ । आयात घाटा कम गर्न तथा आर्थिक वृद्धिमा कृषि क्षेत्रले सकारात्मक भूमिका खेल्नेछ भन्ने मेरो बुझाइ रहेको छ।

कोरिया र नेपाल सन् १९७४ मा कूटनीतिक सम्बन्ध स्थापना भएपश्चात् सन् २०२४ मा ५०औं वर्षगाँठ समीप पुगेका छौं । हामी आधा शताब्दीदेखि रहिआएको सुमधुर सम्बन्धको स्मरण गर्दै आगामी ५० वर्षको सम्बन्ध बहुआयमिक बनाउन तथा नेपाललाई विकासशील राष्ट्रको रूपमा अगाडि बढाउन असल मित्रको भूमिका खेल्नेछौं। कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न आयोजनामा साझेदारी गरेर नेपाल सरकारसँग समन्वय गर्दै आवश्यकताको आधारमा समन्वयात्मक भूमिका खेल्न कोरिया सरकार तत्पर रहेको जानकारी गराउँछु।

अन्त्यमा, कोरिया फर्केपश्चात् पनि नेपालको कृषि क्षेत्र विकासका लागि कोरिया सरकारको सहयोग निरन्तर जारी रहने तथा यस भ्रमणले नेपालको कृषि क्षेत्रको विकासमा भूमिका निर्वाहका लागि सम्झौतामा हस्ताक्षर भएको पुनः स्मरण गराउन चाहन्छु । नेपालको कृषिजन्य उत्पादन वृद्धिका लागि हाम्रो अनुभव बाँड्नेछौं । त्यसैगरी, यस भ्रमणका अवसरमा नेपालको कृषि क्षेत्रको स्थलगत निरीक्षणमार्फत धेरै कुरा बुझ्ने अवसरको रूपमा सदुपयोग गर्नेछु।
–प्रस्तुत विचार नेपाल भ्रमणमा आएका कोरियाका कृषि खाद्य तथा ग्रामीण मामिलामन्त्री छङ् ह्वाङ् गुन्सँग गरिएको कुराकानीमा आधारित छ । रासस



**याकचौरी :** जाडो बढेसँगै गाउँ झारिएका याकचौरी मनाङ डिस्याङ गाउँपालिका–५ मा अवस्थित मुङ्जे गाउँछेउछाउमा चरिरहेका। पृष्ठभूमिमा मुङ्जे गाउँ र अन्नपूर्ण दोस्रो हिमाल। तस्बिरः नवीन लामिछाने/रासस

## फरक समाचार

# स्पिरिट फोटोग्राफी

मृत व्यक्तिको आत्माको फोटो खिच्ने प्रयासलाई स्पिरिट फोटोग्राफी भनिन्छ। १९औं शताब्दीको मध्यमा यो चर्चित भएको थियो, जब फोटोग्राफीको आविष्कार



भएको थियो। विलियम एच मुमलर आत्माको तस्वीर खिच्ने फोटोग्राफरमध्ये एक थिए। आत्माको तस्वीर १९ र २०औं सदीको सुरुआतमा निकै चर्चित भएको थियो ।

विलियम सुनचाँदी कारीगर थिए र उनको रुचि फोटोग्राफीप्रति थियो । उनले एउटा तस्वीर भेटाए, जसको कारण उनको जीवन सधैंको लागि बदलियो। सन् १८६२ मा उनले आफ्नो फोटो लिइरहेका थिए, जब गलतीले एउटा डबल एक्सपोजर लिए । जब उनले तस्वीरलाई डेभलप गरे, फोटोको पछाडि एउटा धमिलो आकार थियो। विलियमले सोचे शायद यो कुनै धूलो वा ध्वाँसो हुन सक्छ तर जब उनले ध्यानपूर्वक तस्वीर देखे र दाबी गरे यो धमिलो आकृति उनको मृत काकाको छोराको हो । उनलाई लाग्यो कि मैले एउटा आत्माको तस्वीर क्लिक गरेको छु ।

यो फोटो त्यति बेला सबैभन्दा चर्चित आत्माको तस्वीरमध्ये एउटा बन्यो र विलियम स्पिरिट फोटोग्राफरको रूपमा चिनिन थाले। उनले एउटा यस्तो रहस्य खोजे, जसको कारण उनी रातारात प्रसिद्ध भए । द न्यू योर्कर अनुसार विलियमले यस तस्वीरलाई फैलाउन थाले। यो खबर अध्यात्मवादी समुदायमा पुग्यो, त्यसपछि विलियमकहाँ तस्वीर खिचाउन थुप्रै प्रस्ताव आउन थाले। उनको शोख अब व्यापार बन्यो। बिहान–साँझ उनले आध्यात्मिक तस्वीर खिच्न थाले।

विलियमको तस्वीर त्यस समयको जनताको लागि आशाको एउटा किरण थियो । गृहयुद्धमा बढ्दो मृत्युदेखि दुःखित व्यक्तिलाई उनको फोटोले विश्वास दिलाउन मदत गऱ्यो कि उनका प्रियजन मरेपछि उनीहरूका साथमा छन् । विलियमको तस्वीरले आज पनि मानिसलाई निकै हैरान गर्छ। उनले हामीलाई यस्तो दुनियाँको सम्झना गराउँछन्, जहाँका मानिस आध्यात्मिकतामा विश्वास गर्थे र जहाँ आत्माको तस्वीरलाई असल मानिन्थ्यो । आजको समयमा पनि उनको तस्वीरले हामीलाई भ्रमित गराउँछ ।

# मोबाइलमा २४सैं घण्टा इन्टरनेट अन राख्दा के हुन्छ

आजभोलि अधिकांश व्यक्तिले स्मार्टफोनमा इन्टरनेट २४सैं घण्टा अन राख्छन्। इन्टरनेट सेवाप्रदायक कम्पनीले पनि अनलिमिटेड डाटाको सेवा प्रदान गरेको छ, त्यस कारण धेरैजसोले मोबाइलमा इन्टरनेट प्रायः अन नै राख्ने गर्छन्। मोबाइलमा सदैव इन्टरनेट अन राख्दा केही फाइदा भएपनि यसबाट घाटा पनि हुन सक्छ ।




**ब्याट्रीमाथि दबाबः** यदि तपाईं पनि मोबाइलमा इन्टरनेट डाटा प्रायः अन राख्नुहुन्छ भने मोबाइलले पनि लगातार काम गरिरहेको हुन्छ। जसको कारण मोबाइलको ब्याट्री लगातार खर्च भइरहेको हुन्छ। यसको परिणाम यो हुन्छ कि तपाईंको मोबाइलको ब्याट्री त्यति बेला पनि खर्च भइरहेको हुन्छ, जब तपाईं मोबाइलमा काम गर्नुहुँदैन । मोबाइलमा भार परेपछि चाँडै डिस्चार्ज हुने र बिग्रिने सम्भावना रहन्छ ।

**ब्याकग्राउन्डमा थुप्रै एप चालू रहन्छन्ः** मोबाइलमा थुप्रै एप हुन्छन्, जुन इन्टरनेट अन भएपछि स्वतः चालू हुन्छन्। तपाईंको स्वीकृतिविना यी एपहरूले मोबाइलको डाटा खर्च गरिरहेको हुन्छ ।

**मोबाइल तात्छः** जब मोबाइल लगातार काम गरिरहन्छ भने त्यसको तापमान पनि बढ्छ। बढी तापमान मोबाइलको लागि राम्रो होइन, किनभने यसले सही ढङ्गले काम गर्दैन । इन्टरनेट अन भएपछि ब्याकग्राउन्डका एप्स पनि चालू रहन्छन्, जसले गर्दा ब्याट्री ओभरहिट हुने र त्यसपछि पड्किने सम्भावना पनि रहन्छ ।

**हैङ्ग हुन सक्छः** कुनै पनि सिस्टमलाई काम गराएपछि केही क्षण आराम दिनुपर्छ। मोबाइलको उपयोग बढी भएपछि त्यो लगातार व्यस्त रहन्छ। दिनरात मोबाइलको डाटा वा वाइफाई चालू राख्दा मोबाइलमा थुप्रै एप, ब्राउजर, अनलाइन प्रोग्राम, डाउनलोडिङ, सोसल साइट्सले लगातार काम गरिरहँदा मोबाइलको सिस्टम व्यस्त रहन्छ, जसले गर्दा मोबाइल हैङ्ग हुने सम्भावना रहन्छ।


**चार्जिङको समस्याः** जब मोबाइल डाटा २४सैं घण्टा अन रहन्छ भने मोबाइल पनि बिजी हुन्छ । त्यसपछि मोबाइल तात्ने गर्छ । जसको कारण ब्याट्रीको सेल पनि कमजोर हुन थाल्छ। त्यसपछि मोबाइल चार्ज हुने प्रक्रिया सुस्त हुन पुग्छ। परिणामस्वरूप मोबाइलको ब्याट्री लाइफ पनि निकै कम हुन पुग्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## मोदी र हसिनाद्वारा भारत–बङ्गलादेशबीचको रेल, विद्युत् क्षेत्र परियोजनाको उद्घाटन

नयाँ दिल्ली, १५ कात्तिक/एएनआई

प्रधानमन्त्री नरेन्द्र मोदी र उनका बङ्गलादेशी समकक्षी शेख हसिनाले बुधवार भिडियो कन्फ्रेन्सिङमार्फत भारतीय सहयोगमा निर्मित तीनवटा परियोजनाको संयुक्तरूपमा उद्घाटन गरेका छन् ।




तस्वीरः एजेन्सी

ती परियोजनामा अखौरा–अगरतला क्रस बोर्डर रेल लिङ्क, खुलना–मोङ्ला पोर्ट रेललाइन र बङ्गलादेशको रामपालमा मैत्री सुपर थर्मल पावर प्लान्टको युनिट–२ रहेका छन् । भारत र बङ्गलादेशबीच रेल र विद्युत् क्षेत्रका परियोजनाहरूको उद्घाटन दुवै मुलुकबीचको सम्बन्ध र साझेदारीलाई सुदृढ बनाउन केन्द्रित रहेको बताइएको छ ।

"यी महत्त्वपूर्ण परियोजनाहरूको संयुक्त उद्घाटनले हाम्रा दुई मित्र राष्ट्रबीचको दृढ मित्रता र सहयोगलाई प्रकट गर्छ । जी–२० शिखर सम्मेलनमा भाग लिन सन् २०२३ सेप्टेम्बरमा मेरो भारत भ्रमणका क्रममा प्रधानमन्त्री मोदीको न्यानो आतिथ्यताका लागि म धन्यवाद दिन चाहन्छु," बङ्गलादेशकी प्रधानमन्त्री हसिनाले भनिन्, "म हाम्रो दुवै मुलुकबीचको मित्रताको बन्धनलाई सुदृढ बनाउने तपाईंको प्रतिबद्धताप्रति आभार व्यक्त गर्छु ।"

अखौरा–अगरतला क्रस बोर्डर रेल लिङ्क परियोजना भारत सरकारले बङ्गलादेशलाई दिएको तीन अर्ब ९२ करोड ५२ लाख भारतीय रुपियाँको अनुदान सहयोग अन्तर्गत कार्यान्वयनमा ल्याइएको हो । बङ्गलादेशमा छ दशमलव ७८ किलोमिटर डबल गेज रेल लाइन र त्रिपुरामा पाँच दशमलव ४६ किलोमिटरसहित रेल लिङ्क गरी कुल लम्बाइ १२ दशमलव २४ किलोमिटर रहेको छ ।

खुलना–मोङ्ला पोर्ट रेललाइन परियोजना भारत सरकारको सहुलियतपूर्ण ऋण अन्तर्गत ३८ करोड ८९ लाख २० हजार अमेरिकी डलरको लागतमा कार्यान्वयनमा ल्याइएको हो । यो परियोजनामा मोङ्ला बन्दरगाह र खुलनामा विद्यमान रेल नेटवर्कबीच करीब ६५ किलोमिटर ब्रोडगेज रेलमार्ग निर्माण समावेश छ । यसका साथै बङ्गलादेशको दोस्रो सबैभन्दा ठूलो बन्दरगाह मोङ्ला ब्रोडगेज रेलवे नेटवर्कसँग जोडिएको छ ।

मैत्री सुपर थर्मल पावर परियोजना एक अर्ब ६० करोड अमेरिकी डलरको भारतीय सहुलियतपूर्ण ऋण अन्तर्गत बङ्गलादेशको खुलना डिभिजनमा रामपालस्थित एक हजार ३२० मेगावाटको सुपर थर्मल पावर प्लान्ट हो । उक्त परियोजना भारतको एनटिपिसी लिमिटेड र बङ्गलादेशको पावर डेभलपमेन्ट बोर्डबीचको आधा–आधा लगानी भएको बङ्गलादेश–भारत मैत्री पावर कम्पनी लिमिटेडले कार्यान्वयनमा ल्याएको हो । यी परियोजनाले यस क्षेत्रमा कनेक्टिभिटी र ऊर्जा सुरक्षालाई सुदृढ पार्नेछन् ।

पछिल्लो दशकमा बङ्गलादेश–भारत मैत्री संवादले दुवै देशबीच द्विपक्षीय सम्बन्धहरूलाई सुदृढ बनाउन महत्त्वपूर्ण मञ्चका रूपमा काम गरेको छ । बिएनएन न्यूजका अनुसार यो वर्षको संवादको विषय 'बृहत् र पारस्परिकरूपमा लाभदायक साझेदारीलाई बढाउने' रहेको छ । रासस

## युनेस्कोद्वारा काराकासलाई सङ्गीतको सिर्जनात्मक शहर घोषणा

भेनेजुयला, १५ कात्तिक/सिन्हवा

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को)ले मङ्गलवार भेनेजुएलाको राजधानी काराकसलाई सङ्गीतको सिर्जनात्मक शहर तोकेको छ ।

युनेस्कोले यो वर्ष मङ्गलवार परेको विश्व शहर दिवसमा विश्वभरका ५५ शहर, सिर्जनात्मक शहरमा समावेश गर्न, छनोट गरेको बताएको छ ।

युनेस्कोले जारी गरेको विज्ञप्तिमा भनिएको छ–"यी नयाँ शहर उनीहरूको विकास रणनीतिको हिस्साका रूपमा संस्कृति र सिर्जनात्मकताको उपयोग गर्ने र मानवकेन्द्रित शहरी योजनाहरूमा नवीन अभ्यास प्रदर्शन गर्ने दृढ प्रतिबद्धताका लागि स्वीकार गरिएको हो ।"

भेनेजुएलाका संस्कृतिमन्त्री अर्नेस्टो भिलेगासले आफ्नो एक्स अकाउन्टमा राजधानी शहरलाई बधाई दिंदै उक्त पद देशको सबैभन्दा प्रतीकात्मक सङ्गीतकारमध्येका एक अली प्रिमेराको जन्मदिनसँग मेल खाएको बताए ।

जुलाईमा काराकसका मेयर कारमेन मेलेन्ड्जले शहर स्थापनाको ४५६ औं वार्षिकोत्सवमा युनेस्को क्रिएटिभिटी सिटी अफ म्युजिक पदका लागि आवेदन दिएको घोषणा गरेका थिए । रासस

## गाजा युद्धमा नौजना इजरायली सैनिक मारिए

जेरूसेलम, १५ कात्तिक/एएफपी

मङ्गलवार गाजामा युद्धका क्रममा नौ इजरायली सैनिक मारिएका सेनाले बताएको छ । योसँगै अक्टोबार ७ यता अहिलेसम्म मारिने इजरायली सैनिकको कुल सङ्ख्या ३२६ पुगेको छ ।

सेनाका अनुसार मङ्गलवार प्यालेस्टिनी क्षेत्रमा भएको लडाइँमा दुई सैनिक गम्भीर घाइते भएका छन् । प्यालेस्टिनी आतङ्कवादी सङ्गठन हमासद्वारा इजरायलको इतिहासमा सबैभन्दा खराब हमलापछि हमासविरुद्ध इजरायली सेना युद्धमा होमिएको छ ।

यसैबीच गाजाको सबैभन्दा ठूलो शरणार्थी शिविरमा भएको इजरायली हमलामा मङ्गलवार कम्तीमा ४७ मानिस मारिएका छन् । इजरायलले मारिनेमा अक्टोबर ७ को हमलामा संलग्न हमास कमान्डर पनि रहेको बताएको छ ।

राति हुनुभन्दा पहिले बाक्लो जनसङ्ख्या भएको जबालिया शिविरमा ठूलो विस्फोट हुँदा वरपरका भवनका बाहिरी भाग क्षतिग्रस्त भएको थियो भने फोहोरले भरिएको एउटा गहिरो खाडल बनेको थियो ।

सयौं दर्शक र स्वयंसेवकहरू कङ्क्रिट ब्लकमा पञ्जा लगाएर जीवितहरूलाई खोजिरहेका थिए । एएफपीले कम्तीमा ४७ शव फेला परेको बताएको छ ।

स्थानीय बासिन्दा ४१ वर्षीय राघेब अकलले विस्फोटको तुलना 'भूकम्प' सँग तुलना गर्दै भग्नावशेषमा पुरिएका घर र शरीरमा चोट लागेका ठूलो सङ्ख्यामा घाइते र शवहरू देखेको बताए ।

आफ्नो युद्धक विमानहरूले साइटमा एउटा 'विशाल' सुरुङ परिसरमा हमला गरेको इजरायलले बताएको छ । इजराइली सेनाका अनुसार उक्त सुरुङ परिसरमा स्थानीय बटालियन कमान्डर इब्राहिम बियारीसहित थुप्रै आतङ्कवादी मारिएका थिए । सेनाका प्रवक्ता जोनाथल कन्रिकसले बियारीलाई गत महीना इजरायलमा हमासको हमलाको 'योजना र कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको' बताए । हमासको उक्त हमलामा अधिकांश सर्वसाधारणसहित १४०० को ज्यान गएको थियो ।

इजरायलका नेताहरूले मुलुकको इतिहासमा सबैभन्दा खराब हमलाको बदला लिन हमासलाई 'निमिट्यान्न' पार्ने वाचा गरेका छन् । रासस




## साना किसान कृषि सहकारीको चौथो साधारणसभा


प्रस, सिम्रौनगढ, १५ कात्तिक/

सिम्रौनगढ नगरपालिका–८ कचोर्वाबजारस्थित दुर्गा मन्दिरको परिसरमा बुधवार साना किसान कृषि सहकारी संस्थाको चौथो वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य अच्युत मैनालीले साधारणसभाको उद्घाटन गर्दै बारा क्षेत्र नं १ का जनताको ऋण आफूले तिर्न नसके पनि आफ्नो पुस्ताले तिर्ने बताएका छन् । उनले पुरुष शिक्षित भए एकजना मात्र शिक्षित हुन्छ तर महिला शिक्षित भए परिवार नै शिक्षित हुने बताउँदै महिलाहरू साक्षर हुनुपर्नेमा जोड दिए ।

संस्थाकी कचोर्वा अध्यक्ष पार्वती यादवको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख नजमु शेहर, बारा जिल्ला सहकारी सङ्घका अध्यक्ष उपेन्द्र जयसवाल, साना किसान सहकारी जिल्ला सङ्घ, कलैयाका मिश्रीलाल सहनी, दिगो सहकारी संस्था कचोर्वाका रामएकबाल यादव, वडाध्यक्ष रामएकबाल यादव, कृषि विकास संरक्षण समाज, कचोर्वाका शर्मालालप्रसाद यादव, साना किसान सपहीका अरुण चौधरी, नमस्ते नेपाल सहकारीका सुरेश यादव, नेकपा एमाले सिम्रौनगढ नगर कमिटी अध्यक्ष महेन्द्र जयसवाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा अत्यधिक बचत गर्ने महिला सदस्य, अपाङ्ग महिला सदस्य र स्नातकमा उत्कृष्ट नम्बर ल्याएका विद्यार्थीलाई सम्मान गरिएको थियो ।



तस्वीरः प्रतीक

कार्यक्रममा कचोर्वाका प्रबन्धक पनिलाल यादवले प्रबन्धक प्रतिवेदन, संस्थाकी अध्यक्ष पार्वती यादवले अध्यक्षको प्रतिवेदन र कुमारी कृष्णाले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा स्वागत चिन्तामुनिले र सञ्चालन पनिलाल यादवले गरेका थिए ।

## पूर्वगापाध्यक्षद्वारा एमाले परित्याग

प्रस, सेढवा, १५ कात्तिक/

पटेर्वासुगौली गाउँपालिकाका पूर्वअध्यक्ष हरिनारायण चौधरीले नेकपा एमाले परित्याग गरेका छन् ।

चौधरीले नेकपा एमालेको साधारण सदस्यसमेत नरहने गरी पार्टीको पर्सा जिल्ला कार्यालयमा निवेदन दर्ता गरेको बताए । पार्टीको लागि आफूले हरेक क्षेत्रबाट सहयोग गरेको तर जनतालाई सहयोगको आवश्यकता परेका बेला जिल्लास्तरीय नेताहरू लुकेर बसेका कारण पार्टी परित्याग गर्नुपरेको उनले बताए ।



चौधरी २०७४ को स्थानीय तहको निर्वाचनमा एमालेबाट पटेर्वासुगौली गापाको अध्यक्षमा निर्वाचित भएका थिए ।

## १९५ स्थानीय तहले अस्पताल निर्माणको प्रक्रिया नै शुरू गरेनन्

काठमाडौं, १५ कात्तिक/रासस

अझै १९५ स्थानीय तहले आधारभूत तहको अस्पतालका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पेश गरेका छैनन् ।

सरकारले दुई वर्षभित्र सबै स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउनका लागि अस्पताल निर्माण गर्ने घोषणा गरे पनि ती स्थानीय तहले निर्माणको प्रक्रिया नै अगाडि बढाएका छैनन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा डिपिआर पेश नगर्दा आधारभूत अस्पताल निर्माणको काम अगाडि बढ्न सकेको छैन । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले डिपिआर पेश नगरेका ती स्थानीय तहमा अस्पताल निर्माणको काम हुन नसकेको बताए । सरकारले २०७७/७८ को नीति तथा कार्यक्रममा सबै स्थानीय तहमा आधारभूत स्वास्थ्य पुऱ्याउने उद्देश्यले पाँच, १० र १५ शय्याका अस्पताल निर्माण गर्ने घोषणा गरेको थियो ।

सोही अनुसार सरकारले बजेट विनियोजन गरे पनि ती स्थानीय तहमा जग्गा नभएको र उपलब्ध जग्गामा पनि विवादले गर्दा अस्पताल निर्माणको प्रक्रिया अगाडि बढाउन नसकेको हो । सरकारले २०७७/७८ मा ३९६ र २०७८/७९ मा २५९ आधारभूत अस्पताल निर्माण गर्नका लागि बजेट विनियोजन गरेको थियो । मन्त्रालयका प्रवक्ता डा बुढाथोकीका अनुसार अहिलेसम्म ४१३ स्थानीय तहले अस्पताल निर्माणको प्रक्रिया अगाडि बढाएका छन् । यस्तै, २६ स्थानीय तहले सबै रकम लिएर अस्पताल निर्माणको अन्तिम प्रक्रियामा छन् ।

सरकारले पाँच शय्याका लागि रु सात करोड ११ लाख, १० शय्याका लागि रु १० करोड ८३ लाख र १५ शय्याका लागि रु १८ करोड छ लाख छुट्याएको छ । मन्त्रालयका अनुसार १५ शय्याको आधारभूत अस्पतालमा एक एमडिजिपी चिकित्सक (मेडिकल सुपरिटेन्डेन्ट), दुई मेडिकल अधिकृत, एक नर्सिङ अधिकृत, छजना स्टाफ नर्स, पाँचजना हेल्थ असिस्टेन्टलगायत अन्य कर्मचारी गरी ३२ जना कर्मचारी रहनेछन् ।

यस्तै, १० शय्याको आधारभूत अस्पतालमा दुई मेडिकल अधिकृतसहित २२ र पाँच शय्याको आधारभूत अस्पतालमा एक मेडिकल अधिकृतसहित १८ जना कर्मचारी रहनेछन् । सरकारले दुई वर्षभित्रमा अस्पताल निर्माण गर्ने लक्ष्य लिए पनि ती अस्पताल अझै सम्पन्न भइसकेका छैनन् । प्रवक्ता डा बुढाथोकीले पाँच वर्षभित्र सबै अस्पताल बन्ने बताए । भूगोल र जनसङ्ख्याको आधारमा पाँच शय्याका ८० स्थानीय तह, १० शय्याका १५५ स्थानीय तह र १५ शय्याका ४२० स्थानीय तहले आधारभूत अस्पताल निर्माण गर्नेछन् ।

## गोली प्रहार गरी लागूऔषध कारोबारी पक्राउ

काठमाडौं, १५ कात्तिक/रासस

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले गोली प्रहार गरी काठमाडौंको गोठाटारबाट दुईजना लागूऔषध कारोबारीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारतको पश्चिम बङ्गाल घर भएका ४८ वर्षीय मोहम्मद करिम तथा झापा केचन गाउँपालिका–८ बस्ने ३५ वर्षीय हर्क लिम्बू रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए । उनले भने, "प्रहरीले आत्मरक्षाका लागि गोली प्रहार गर्दा मोहम्मद करिम घाइते भएका छन्, उनको गोठाटारस्थित कान्तिपुर अस्पतालमा उपचार भइरहेको छ ।"

यसैगरी, प्रहरीले मोहम्मद करिमको साथबाट छ दशमलव ७५ एमएमको पेस्तोल र त्यसमा लाग्ने तीन राउन्ड गोलीसहित दुई सय ग्राम खैरो हेरोइनजस्तो पदार्थ र तराजु फेला परेको जनाएको छ ।

### आजको राशिफल



| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | विजय | वृष | कान्तिक्षय |
| मिथुन | भाग्योदय | कर्कट | बेचैनी |
| सिंह | मनोरञ्जन | कन्या | कर्मप्राप्ति |
| तुला | राज्यभय | वृश्चिक | वादविवाद |
| धनु | यात्रालाभ | मकर | कडाश्रम |
| कुम्भ | चोरभय | मीन | उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**जब....**

मन्त्री यादवले युवतीहरूलाई भविष्यमा नेतृत्व लिन र आत्मविश्वास बढाउनमा यस्ता कार्यक्रमले महत्त्वपूर्ण योगदान पुऱ्याउने धारणा राखे । "मधेस प्रदेश सरकारले किशोरीहरूका लागि बेटी पढाऊ, बेटी बचाऊ, छोरी शिक्षा, छोरी बीमा, साइकल वितरणलगायतका योजनाहरू ल्याएको छ," उनले भने, "ती योजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि ध्यान दिंदादिंदै पनि सबै ठाउँका समस्या समाधान गर्न सकिएको छैन । म नेतृत्वमा रहुन्जेल तपाईंहरूका गुनासा सम्बोधनको प्रयास गर्नेछु ।"

प्लान इन्टरनेशनल नेपालको पूर्वी क्षेत्रीय कार्यालय जनकपुरका प्रबन्धक रविशङ्कर पण्डितले महिला सशक्तीकरणबारे सचेतना फैलाउन र अवसर पाएमा महिलाले पनि सबै जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न सक्छन् भन्ने सन्देश फैलाउने उद्देश्यले रजिनालाई एक दिनका लागि मन्त्री बनाइएको बताए ।

एक दिने मन्त्री बनेकी रजिना जनकनन्दिनी गाउँपालिकास्थित राष्ट्रिय मावि कक्षा ९ की छात्रा हुन् । शारीरिकरूपमा अपाङ्गतासमेत रहेकी खातुन स्थानीयस्तरमा बालविवाह नियन्त्रण, छोरीलाई शिक्षा, सामाजिक कुरीति तथा कुसंस्कारविरुद्ध एक अभियानीका रूपमा पनि परिचित छिन् ।

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

# सङ्गठन बलियो नभए नेता कमजोर हुन्छ –सांसद यादव



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १५ कात्तिक/

जनता समाजवादी पार्टी, पर्साको अगुवा कार्यकर्ता तथा चियापान समारोह वीरगंजमा सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि सांसद प्रदीप यादवले विगतका नेतृत्व कमजोर भएकाले पर्सामा जसपाको सङ्गठन दिन प्रतिदिन कमजोर हुँदै गएको बताए। नेतृत्वले अहिलेसम्म पार्टीको पक्षमा कुनै काम नगरेको, सङ्गठन निर्माणमा असहयोग गरेको, नेता, कार्यकर्ताको दुःखमा सहयोग नगरेका कारण अधिकांश नेता, कार्यकर्ताले पार्टी परित्याग गरेको बताए।

उनले पार्टी बचाउनको लागि अहिले सिंहासन साह तेलीको नेतृत्वमा जिल्ला कमिटी गठन गरेको र यो नै आधिकारिक जिल्ला कमिटी भएको दाबी गरे। सांसद यादवले सङ्गठन बलियो नभए नेता कमजोर हुने भएकोले अबदेखि यो नेतृत्वले पर्साका चारवटै क्षेत्रमा सङ्गठन सुदृढ गर्ने, पार्टी प्रवेश कार्यक्रम गर्ने बताए। उनले विगतमा आफैं धामी, आफैं झाँक्री भएका जसपाका ठूला नेता भनाउँदाहरूका कारण पार्टीका ठूलठूला नेताले पार्टी परित्याग गरेकामा दुःख व्यक्त गरे। उनीहरूले विभिन्न ठाउँमा योजना दिई सम्पन्न नभएका कारण सिङ्गो पार्टीमाथि आरोप लागेको र त्यसको चाँडै छिनोफानो हुने बताए।

नगरप्रमुख राजेशमान सिंहले नेतृत्वले नस्वीकारे पनि जनताले हामीलाई स्वीकारेको बताए। उनले यो कार्यसमितिसँगै हिंड्ने प्रतिबद्धता व्यक्त गरे। केन्द्रीय नेताहरूको कमीकमजोरीका कारण पर्सामा पार्टी सुदृढीकरण नभएको र सुदृढीकरण शुरू गर्दा केही नेताहरूले सोको विरोध गर्नु गलत भएको बताए। उनले पार्टीतर्फबाट आफू वीरगंजको आन, बान, सानको लागि लडिरहेको बताए। विकासको गति हेरेर विपक्षीहरू अत्तालिएर मेरो चरित्र हत्या गर्न लागेको बताए। विगत लामो समयदेखि विरोधीको रूपमा रहेका केही व्यक्तिले आफ्नो बदनाम गराउन खोजेको नगरप्रमुख सिंहले आरोप लगाए।

जिल्ला अध्यक्ष सिंहासन साह तेलीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका सभापति निरञ्जन सर्राफ, केन्द्रीय सदस्य जनार्दन यादव, मोहन चौधरी, शिवजी सोनी, पूर्व प्रदेशसभा सदस्य भीमा यादव, पूर्वसभापति नेक महम्मद अन्सारी, प्रेमबाबू पटेल, विपिन कुशवाहालगायतले मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रम सञ्चालन जिल्ला सचिव उमेश सहनीले गरेका थिए।

## खुला ठाउँमा शौच ...

नगरप्रमुख प्रद्युम्न चौहानले बताए। उनले खुला स्थानमा दिसापिसाब गर्नेहरूको साँझ–बिहान निगरानी भइरहेको बताए।

पर्साका सबै स्थानीय तहमा शौचालय निर्माण गरी खुला दिसामुक्त क्षेत्र घोषणा गर्दा पनि ठोरी गाउँपालिकाबाहेक अधिकांश स्थानीय तहका जनता खुला स्थानमा दिसापिसाब गर्ने प्रवृत्ति बढेको छ।

स्थानीय तहले यस प्रकारको निगरानी र सचेतना नदिंदा खुला स्थानमा दिसापिसाब गर्ने प्रवृत्ति बढेको एकजना सचेत नागरिकको भनाइ छ।

## बालबालिकालाई उमेर अनुसार पौष्टिक खाना खुवाऔं

- आवश्यकता अनुसारको खाना खाएपछि थप खानाका लागि करबल नगरौं,
- प्राकृतिक स्वाद जस्तैः घ्यू, मह, दूध तथा स्थानीय खानाहरूको स्वाद भएको खानेकुरा खुवाऔं,
- पत्रुखाना (जङ्क फूड) को प्रयोग नगरौं,
- बालबालिकालाई अभिभावकसँगै राखेर खाना खुवाऔं,
- बालबालिकाको दैनिक खाना खाने समय निर्धारण गरी सोही समयमा खाना खुवाउने गरौं,
- परिवारका सदस्य एवं बालबालिकाले खाना खाने समयमा मोबाइल तथा टिभीको प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## परसवा गोल्डकप : बुद्धनगरलाई पराजित गर्दै सेढवा विजयी

प्रस, सेढवा, १५ कात्तिक/

जीराभवानी गाउँपालिका वडा नं ३ मा जारी परसवा गोल्डकप–२०८० को लिग चरण अन्तर्गत बुधवार भएको पहिलो खेलमा सेढवा विजयी भएको छ। सेढवाले बुद्धनगरलाई शून्यका विरुद्ध चार गोलअन्तरले पराजित गरी समूह 'ए'को विजेता बनेको छ र बुद्धनगर लिग चरणबाट बाहिरिएको छ। यस समूहको उपविजेता पटेर्वासुगौली देकुली भएको छ।


तस्वीरः प्रतीक

सेढवाका खेलाडी ओसकर र ग्यालोरीले दुई/दुई गोल गरेका थिए। यस खेलमा सेढवाका जर्सी नं १२ का विशाल घलान 'म्यान अफ दी म्याच' घोषित भए। घलानलाई नगदसहित ट्रफी प्रदान गरिएको थियो।

त्यस्तै, आजै भएको लिग चरणको दोस्रो खेलमा बाराको बकुलिया विजयी भएको छ। बकुलियाले ठोरीलाई शून्यका विरुद्ध तीन गोलअन्तर पराजित गरी तीन अङ्क बटुलेको छ।

यस खेलमा 'म्यान अफ दी म्याच' बकुलियाका बिकी राई घोषित भए। बकुलियाको लागि बिकी राईले दुई र सिसम थापाले एक गोल गरेका थिए। ठोरी हारसँगै लिग चरणबाट बाहिरिएको छ। 'डी' समूहमा भारतको इनर्वा र बकुलियाबीच एक खेल हुन बाँकी छ।

भोलिको लिग चरणको पहिलो खेल बारा–११ र निचुटाबीच हुनेछ। समूह 'बी'मा रहेका परसवा र निचुटाको तीन/तीन अङ्क छ भने बारा–११ अङ्कविहीन छ। त्यस्तै, दोस्रो खेल पकडीटोल र मनहर्वाबीच हुनेछ। समूह 'सी'का यी दुई टीमको अङ्क तीन/तीन छ र समूह विजेताको लागि प्रतिस्पर्धा हुनेछ।

## नेपाली क्रिकेट टोली विश्वकपमा छनोट भए रु १५ लाख दिने

काठमाडौं, १५ कात्तिक/रासस

नोबेल मेडिकल कलेज टिचिङ अस्पतालले आइसिसी टी–२० विश्वकप एशिया क्षेत्र फाइनल छनोटको खेलमा नेपाल फाइनलमा पुगेमा राष्ट्रिय क्रिकेट टोली र अफिसियललाई प्रोत्साहनस्वरूप रु १५ लाख दिने घोषणा गरेको छ।

अस्पतालका प्रमुख कार्यकारी अधिकारी डा भोगेन्द्रप्रसादद्वारा बुधवार जारी प्रेस विज्ञप्तिमा राष्ट्रिय क्रिकेट टीम र अफिसियललाई एकमुस्ट रु १५ लाख दिने उल्लेख गरिएको छ। अस्पतालले उक्त प्रतियोगिताको फाइनल खेलमा पनि नेपाल विजयी भएमा थप रु पाँच लाख प्रदान गर्ने विज्ञप्तिमा जनाएको छ।

नोबेल मेडिकल कलेज टिचिङ अस्पतालका पूर्वअध्यक्ष तथा प्रबन्ध निर्देशक र हाल मोरङ क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य डा सुनीलकुमार शर्माको अगुवाइमा उक्त अस्पतालले खेलाडीहरूलाई निश्शुल्क एवं सहुलियत शुल्कमा स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आइरहेको पनि सो विज्ञप्तिमा उल्लेख गरिएको छ।

नेपालमा क्रिकेट खेलको विकासमा सानो भएपनि सहयोग पुगोस् र खेलाडीमा हौसला प्रदान होस् भनेर सो प्रोत्साहन रकमको व्यवस्था गरिएको सांसद डा शर्माले बताए।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदान र माथिल्लो मूलपानी क्रिकेट मैदानमा भइरहेका उक्त प्रतियोगितामा नेपाल सेमिफाइनलमा पुगेको छ। नेपालले पहिलो खेलमा सिङ्गापुरलाई आठ विकेटले पराजित गर्दै विजयी भएको थियो भने दोस्रो खेलमा मलेशियालाई छ विकेटले हराउँदै सेमिफाइनलमा पुगेको हो।

अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा आयोजना हुने टी–२० विश्वकपको अन्तिम छनोटमा नेपालसहित आठ टोलीले प्रतिस्पर्धा गरिरहेका छन्। जसमा प्रतियोगिताबाट शीर्ष दुई टोली विश्वकपको लागि छनोट हुनेछन्।

नेपाल समूह 'ए'मा परेको छ। नेपालको समूहमा सिङ्गापुर, मलेशिया र ओमान छन्। त्यस्तै, समूह 'बी'मा संयुक्त अरब इमिरेट्स (युएई), हङकङ, बहराइन र कुवेत छन्। नेपालले अब आफ्नो तेस्रो खेल भोलि ओमानसँग खेल्नेछ।

## २७ जनाद्वारा रक्तदान



तस्वीरः प्रतीक

प्रस, पोखरिया, १५ कात्तिक/

विन्ध्यवासिनी गाउँपालिका–३ ठूलो इटियाहीमा बुधवार रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

नेपाल स्काउट निम्न माविको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मुकेशकुमार चौरसियाको अध्यक्षता भएको रक्तदान कार्यक्रममा विवेक चौरसिया, मुकेश चौरसियालगायत २७ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजले जनाएको छ।

कार्यक्रममा जयप्रकाश चौरसिया, विन्दवासिनी गापाका नेका सभापति विवेक चौरसिया, शिक्षक, राजनीतिक दलका नेता, समाजसेवीलगायतको सहभागिता थियो।

## छापा मारी नौ बोरा चिनी नियन्त्रण


तस्वीरः प्रतीक

प्रस, सिम्रौनगढ, १५ कात्तिक/

सिम्रौनगढ बजारस्थित साहिल इन्टरप्राइजेजमा बुधवार प्रहरीले छापा मारी नौ बोरा चिनी नियन्त्रणमा लिएको छ।

इलाका प्रहरी कार्यालय, सिम्रौनगढका प्रहरी निरीक्षक रविभूषण यादवको टोलीले पसलमा छापामारी गरेको थियो। भारतबाट तस्करी गरी नेपाल चिनी ल्याइ भण्डारण गरेको आरोपमा चिनी नियन्त्रणमा लिएको प्रनि यादवले बताए।



वीरगंजमा पोलहरूमा आगलागीका घटना एकपछि अर्को घटिरहेका छन्। वीमनपा–१४ चिनीमिल आवास क्षेत्र पछाडि नयाँबस्ती अवस्थित बिजुलीको पोलमा लागेको आगो। अव्यवस्थित तारको जन्जाल र त्यसमा चराचुरुङ्गीहरूको गुँडले आगलागीको जोखिम उच्च छ। जबसम्म घटना घटित हुँदैन, तबसम्म सम्बन्धित निकायको ध्यान जाँदैन। आखिर अव्यवस्थित तार व्यवस्थित गर्ने जिम्मा कसको हो ? तस्वीरः राजेश मिश्र